जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १० अंक १८, २०७८ साल मंसिर १७ गते शुक्रबार, नेपाल संवत् ११४२ (Dec. 3, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–


## निर्वाचन प्रक्रिया अवरुद्ध

काठमाडौं – तोकिएभन्दा बढी र फरक प्रतिनिधिहरू आएपछि राप्रपाको निर्वाचन प्रक्रिया अवरुद्ध भएको छ। जिल्लाले पठाएका भन्दा फरक व्यक्ति प्रतिनिधि बनेर आएपछि अवरुद्ध भएको हो ।

सर्लाहीबाट फरक फरक समूह, ललितपुरबाट तोकिएकभन्दा बढी प्रतिनिधि आएपछि निर्वाचन प्रक्रिया अवरुद्ध भएको हो। भक्तपुरबाट प्रतिनिधिहरू छनोट नै नभई महाधिवेशन प्रतिनिधि भन्दै निर्वाचन प्रक्रियामा भाग लिन खोजेका थिए ।

## वर्षा र हिमपातले चिसो बढ्ने

काठमाडौं । पश्चिमी वायुसँगै आएको पश्चिमी न्युन चापीय प्रणाली र अबर सागरमा बनेको न्यून चापीय क्षेत्रका कारण नेपालमा मौसम प्रतिकूल बन्दै गएको छ। मौसम पूर्वानुमान महाशाखाका अनुसार बुधबार पश्चिम नेपालबाट प्रवेश गरेको यो प्रणालीले त्यस क्षेत्रमा बदली कायम गर्नुका साथै उच्च पहाडी र हिमाली क्षेत्रमा हिमपात भएको छ ।

यो प्रणालीले सुदूरपश्चिम, कर्णाली, गण्डकी र लुम्बिनीका उच्च पहाडी तथा हिमाली भूभागका धेरै स्थानमा हिमपात हुने आँकलन महाशाखाले गरेको छ। आज मुलुकका **बाँकी ८ पेजमा**

# ओली महाधिवेशनमा आन्तरिक लोकतन्त्रको हुर्मत

**एमाले दशौं महाधिवेशन**

एमालेको १० औं महाधिवेशनबाट केपी शर्मा ओली अध्यक्ष पदमा दोस्रो कार्यकालका लागि निर्वाचित भएका छन् ।

ओलीले एक हजार आठ सय ४० मत ल्याए भने उनका प्रतिस्पर्धी रावलले दुई सय २३ मत पाए। एमालेभित्र लोकतन्त्रलाई जीवित राख्नुपर्ने अडानमा रहेका रावलले अध्यक्ष पदमा उम्मेदवारी दिएपछि ओलीको सर्वसम्मत अध्यक्ष हुने प्रयास असफल भएको थियो । तीन दिनमा सक्ने भनिएको महाधिवेशन निर्वाचनमा गएका कारण थप दुई दिन लम्बिएको थियो ।

२०७१ सालमा भएको नवौं महाधिवेशनमा प्रतिस्पर्धी माधवकुमार नेपालले भन्दा ४४ मत बढी ल्याएर ओली पहिलोपटक अध्यक्ष भएका थिए। उनले त्यसबेला एक हजार ४७ र नेपालले एक हजार तीन मत पाएका थिए। ओलीले १० औं महाधिवेशनमा सर्वसम्मत हुने ठूलो कसरत गरेका



भए पनि रावलले उम्मेदवारी दिएपछि निर्वाचन भएको हो ।

एक मत आए पनि पार्टीभित्र निर्वाचन प्रक्रिया र पद्धति बचाउनुपर्छ भन्ने मान्यतामा रावल उभिएका कारण निर्वाचन भएको हो ।

निर्वाचन नतिजा सार्वजनिक भएपछि अध्यक्ष पदका प्रतिस्पर्धी रावलले आफूले पाएको मत पार्टी र आफ्ना लागि ठूलो सफलता भएको बताएका छन् ।

'तपाइँहरूलाई थाहै छ लोकतान्त्रिक पद्धतिका लागि मैले पार्टीभित्र कति संघर्ष गर्नुपर्‍यो, मलाई उम्मेदवारी नै दर्ता गर्न नदिने योजना बनाएको अवस्थामा निरन्तरको संघर्षपछि उम्मेदवारी दिएर जति मत पाएको छु, त्यो मेरो र पार्टीका लागि ठूलो सफलता हो,' रावलले भने ।

उनले आफ्नो संघर्षका कारण पार्टी केही हदसम्म लोकतान्त्रिक भएको बताए। उनले आफ्नै कारण विधान कार्यान्वयन भएको दाबी पनि गरे । 'मैले पार्टीभित्र गरेको संघर्षका कारण विधान कार्यान्वयन भएको छ र केही हदसम्म पाटी लोकतान्त्रिक प्रक्रियामा अगाडि बढेको छ,' उनले भने ।

१० औं महाधिवेशनमा पदाधिकारीका १४ पदका लागि निर्वाचन भएको थियो। चितवनस्थित सौराहामा जारी बन्दसत्रअन्तर्गत सोमबार बिहान १० बजे उम्मेदवारी दर्ता समय सकिएसँगै निर्वाचन कार्यक्रम अघि बढेको थियो ।

अध्यक्षमा निर्वाचित भएलगत्तै ओलीले केन्द्रीय कमिटीको बैठक सौराहामै राखेका थिए। निर्वाचित केन्द्रीय सदस्यले सौराहामै शपथ लिए। २०७५ सालमा माओवादी केन्द्रसँग पाटी एकतापछि बनेको नेकपाको अध्यक्ष पनि ओली नै थिए ।

गत फागुन २३ गते सर्वोच्च अदालतबाट एमाले-माओवादी मिलेर बनेको नेकपा भंग हुने आदेश दिएपछि दुवै पार्टी पूर्ववत अवस्थामा फर्केका थिए। त्यसपछि एमालेले १० औं महाधिवेशन गरेको हो ।

महाधिवेशनको बन्दसत्रमा ओलीले प्रस्ताव गरेका पदाधिकारी र केन्द्रीय सदस्यलाई हलले ताली बजाएर स्वागत गरे पनि थोरै प्रतिनिधिले त्यसलाई अस्वीकार गर्ने परिस्थिति आयो ।

रावल र घनश्याम भुसालले निर्वाचनमा जानुपर्ने अडान लिए। त्यसपछि मात्रै बाध्य भएर ओली निर्वाचनमा जान तयार भएका थिए। ओलीले पार्टीमा आफूलाई निर्विकल्प नेता ठाने पनि रावलले चुनौती दिए ।

यसअघि असोजमा गोदावरीमा भएको विधान महाधिवेशनबाटै ओलीलाई निर्विकल्प नेता बनाउने वातावरण तयार गरिएको थियो। निर्विकल्प बन्ने नाममा पार्टीभित्रको आन्तरिक लोकतन्त्रमा अंकुश लगाउने कोसिस भएपछि महाधिवेशनमा ओलीविरुद्ध रावलले उम्मेदवारी दिएका हुन्। रावल एमाले नफुट्दा माधव नेपाल समूहमा थिए।

नेपालले अर्को पार्टी बनाए पनि रावल १० बुँदे सहमतिका आधारमा एमालेमै बसेका हुन्। १० बुँदे सहमतिपछि नेपाललाई छाडे र पार्टी काममा फर्केका भुसालले भने रावललेभन्दा धेरै मत ल्याए। भुसालले उपाध्यक्ष पदमा उम्मेदवारी दिएका थिए। छ जना उपाध्यक्षका लागि सात जनाले उम्मेदवारी दिएका थिए। जसमध्ये अष्टलक्ष्मी शाक्यले सर्वाधिक १९७६ मत प्राप्त गरिन्। त्यस्तै उपाध्यक्षमा सुरेन्द्र पाण्डे एक हजार १९२५, सुवास नेम्बाङ १८६५, विष्णु पौडेल १८५६, युवराज ज्ञवाली १८४२ र रामबहादुर थापा १७६८ मत प्राप्त गरी विजयी भए। उपाध्यक्षमा पराजित भुसालले ७२५ मत ल्याए ।

त्यस्तै सात सचिव पदमा नौजनाको उम्मेदवारी परेको थियो। सचिवमा गोकर्ण बिष्ट सर्वाधिक १९७६ मत प्राप्त गरी विजयी भए। त्यस्तै सचिवमा योगेश भट्टराई १९६४, छविलाल विश्वकर्मा १८००, पद्मा अर्याल १८००, लेखराज भट्ट १७०४, टोपबहादुर रायमाझी १७०० र रघुवीर महासेठ १५१३ मत ल्याएर विजयी भए। सचिवमा पराजित भीम आचार्यले १३ सय र टंक कार्कीले ५०० मत पाएका थिए।

वरिष्ठ उपाध्यक्षमा ईश्वर पोखरेल र उपमहासचिवमा प्रदीप ज्ञवाली, पृथ्वी सुब्बा गुरुङ र विष्णु रिमाल सर्वसम्मत भएका थिए। निर्वाचन हुने भएपछि ओलीले आफ्नो पक्षको सूची तयार पारी प्रतिनिधिलाई वितरण गरेका थिए। सोही सूचीअनुसारका सबै पदाधिकारीमा विजयी भए। **बाँकी ८ पेजमा**

## स्वदेशमै मल कारखानाको खाँचो

काठमाडौं। हाम्रो देशलाई कृषिप्रधान मानिदै आए तापनि कृषि क्षेत्रका लागि आवश्यक पर्ने कृषि औजार, रासायनिक मलमा विदेशको निर्भरता हट्न सकेको छैन। पञ्चायत कालमा खुलेको कृषि औजार कारखाना लि. कहाँ पुग्यो, थाहा छैन। सानातिना कृषि औजार बनाउँदै आएको उक्त कारखानालाई आवश्यकतानुसार वैज्ञानिकीकरण गर्दै लगेको भए अहिलेसम्ममा ठूलो फड्को मारिसक्ने थियो ।

त्यसैगरी मुलुकभित्र रासायनिक मल कारखाना खोल्ने चर्चा जुनसुकै दल र सरकारको एजेन्डा भए पनि अहिलेसम्म कार्यान्वयन हुन सकेको छैन। रासायनिक मल कारखानामा ठूलो परिमाणमा विद्युत ऊर्जा चाहिने भएकाले तत्काल सम्भव नभएको भनिँदै आए तापनि अहिले ऊर्जाको पर्याप्तता बढिरहेको छ ।

वर्षायाममा त ऊर्जा खेर समेत जाने गरेको छ। वार्षिक १५ अर्बको रासायनिक मल आयातका लागि बजेट विनियोजित भए **बाँकी ८ पेजमा**

## लद्दाखमा क्षेप्यास्त्र तैनाथ : भारत चिन्तित

काठमाडौं। चीनले वास्तविक नियन्त्रण रेखा नजिकैको पूर्वी लद्दाखमा आफ्नो सैन्य उपस्थिति र पूर्वाधार बढाएपछि भारत चिन्तित बनेको छ।

बीबीसी हिन्दीका अनुसार दुवै मुलुकबीच हालै भएको वार्ताका क्रममा भारतले चिनियाँ सेनासँग पूर्वी लद्दाखमा भइरहेका गतिविधिबारे कुराकानी गरेको थियो ।

वास्तविक नियन्त्रण रेखा (एलएसी) नजिकै चीनले सडकसहित सैन्य अखडा निर्माण गरेको स्रोतलाई उद्धृत गर्दै समाचारमा लेखिएको छ। त्यसबाहेक चीनले आफ्नो क्षेप्यास्त्र बलसहित ठूला हतियार तैनाथ गरेको यही **बाँकी ८ पेजमा**

## कोरोना भेरियन्ट नयाँ रूपमा

काठमाडौं। सरकारले अत्यावश्यक बाहेकका कामका लागि घरबाहिर ननिस्कन आग्रह गरेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरसको नयाँ रुपको ओमिक्रोनबाट बच्न एक सूचना जारी गर्दै अत्यावश्यक बाहेकका कामका लागि घरबाहिर ननिस्कन आग्रह गरेको हो ।

मन्त्रालयले हालसम्म नेपालमा कोरोनाको नयाँ भेरियन्ट आइ नसकेकोसमेत जनाएको छ। मन्त्रालयले भनेको छ, 'कोभिड १९ संक्रमण गराउने भाइरस डिसेम्बरको अन्तिममा सफल भएसँगै यसले आफ्नो रुपहरू परिवर्तन गर्दै गएको छ। यस किसिमको भाइरसले आफ्नो रुप परिवर्तन गर्न सक्छ भन्ने कुराहरू विश्वव्यापी रुपमा सम्बन्धित चिकित्सा विज्ञानका विज्ञहरूलाई पहिलैदेखि थाहा भएको विषय हो। अहिले पछिल्लो समय परिवर्तित भेरियन्ट नयाँ रुपमा देखा परेको छ। त्यो भेरियन्ट यद्यपि नेपालमा आइसकेको छैन ।'



यसबाट बच्न अन्तर्राष्ट्रिय नाकाहरूमा सुरक्षा व्यवस्था कडा बनाइएको र परीक्षणको दायरा बढाएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सह प्रवक्ता डा। समिरकुमार अधिकारीले बताए। उनले सरकारले विदेश जाने-आउने कुराहरू, स्वास्थ्यका मापदण्ड उल्लंघन हुने खालका गतिविधिहरूलाई कम गर्न अनुरोध गरेको पनि जानकारी दिएका छन् ।

उनले भनेका छन्- 'नयाँ भेरियन्टबाट संक्रमित मानिस अर्को ठाउँमा पुगेपछि अर्को व्यक्ति संक्रमित भएको आधारमा उहाँबाट फेरि अर्को व्यक्तिमा सरेर फैलिने अवस्था हो। संक्रमण रोकथाम नियन्त्रण गर्नलाई मानिसहरूको आवतजावतलाई व्यवस्थित गर्न, मानिसहरूको जनस्वास्थ्य मापदण्डका पालनाहरूको निरन्तरता राख्न, कोभिड १९ को खोप अभियानलाई निरन्तरता राख्न आवश्यक हुन्छ। यही सन्दर्भमा स्वास्थ्य तथा **बाँकी ८ पेजमा**

## चीनलाई चुनौती दिँदै युरोपेली संघ

काठमाडौं। युरोपेली संघ ईयुले चीनलाई चुनौती दिन अबौ युरो लगानी गर्ने योजना बनाएको छ। चीनको 'बेल्ट एण्ड रोड पहल' बिआरआईसँग प्रतिस्पर्धा ईयुले विभिन्न परियोजनामा अबौंको लगानी गर्ने योजना बनाएको हो।

चीनको बेल्ट एण्ड रोड पहलको प्रतिद्वन्द्वीको रुपमा ईयुले चाडै नै अबौंको वैश्विक लगानी योजना सार्वजनिक गर्न लागेको बीबीसीले उल्लेख गरेको छ। युरोपेली आयोगका अध्यक्ष उर्सुला वोन डेर लेयेनले 'ग्लोबल गेटवे इनिसियटिभ' नामक करिब १४ पेज लामो योजना प्रतिवेदन बुधबार (स्थानीय समयअनुसार) सार्बजनिक गर्न लागेको बताइएको छ।

डिजिटल, यातायात, जलवायु र उर्जा योजना विकास गर्न ईयुले 'मुर्त' डिजाइन **बाँकी ८ पेजमा**

## तीन वर्षमा एक खर्ब विदेशियो

काठमाडौं। अध्ययनका लागि विदेश जानेका नाममा पछिल्लो तीन वर्षमा करिब एक खर्ब रुपैयाँ बाहिरिएको छ। नेपाल राष्ट्र बैंकले जारी गरेको तथ्यांकअनुसार पछिल्लो तीन वर्षमा ९७ अर्ब १ करोड रुपैयाँ शिक्षाका नाममा विदेशिएको हो ।

कोरोना महामारीको समयमा पनि नो अब्जेक्सन लेटर (एनओसी) लिनेको संख्यामा खासै कमी नआएको समेत राष्ट्र बैंकको तथ्यांकले देखाएको छ। सरकारले नेपालमा विद्यार्थी रोक्न नसक्दा शिक्षाका नाममा अरबौ रकम बाहिरिएको हो ।

नेपालबाट आर्थिक वर्ष २०७५।७६ मा सबैभन्दा बढी ६३ हजार २५९ जना विद्यार्थीले एनओसी लिएका थिए। उक्त वर्ष विदेशमा अध्ययनका लागि जाने विद्यार्थीहरूका नाममा ४६ अर्ब २४ करोड रुपैयाँ बाहिरिएको राष्ट्र बैंकको तथ्यांकले उल्लेख गरेको छ। कोरोना महामारीले असर गरेको आर्थिक **बाँकी ८ पेजमा**

## भ्रष्टाचारको अखडा बन्दै सीटीईभीटी

काठमाडौं। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) का सदस्य सचिव जीवनारायण काफ्लेमाथि आफूअनुकूल सेटिङ गरेका कलेजलाई मात्र सम्बन्धन दिनेगरी भर्ना प्रक्रिया अघि बढाएको आरोप लागेको छ। पीसीएल भर्नाका लागि कलेजलाई सम्बन्धन दिनेक्रममा प्रतिकलेज ५ देखि १० लाख रुपैयाँसम्म असुल गरेको आरोप उनीमाथि लागेको हो ।

काफ्लेलाई तत्कालीन केपी ओली नेतृत्वको सरकारले नियुक्त गरेको थियो। तर, सीटीईभीटीका वर्तमान अध्यक्ष एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेललाई समेत उनले प्रभावमा पारेर गलत कार्य गर्ने प्रयास थालेको कलेज सञ्चालकको दाबी छ।

सीटीईभीटीकै स्तर निर्धारण शाखामा कार्यरत खेम पोखरेल र सोही शाखामा कार्यरत सदस्य सचिवका आफ्नै दाइ नाता पर्ने कर्मचारी रमाकान्त काफ्लेले कलेजसँग रकम असुल्ने जिम्मा लिएको स्रोतको दाबी **बाँकी ८ पेजमा**

## आज सत्बिज छर्ने दिन


**समय सन्दर्भ**

● नवीन लुईटेल

पितृ मोक्ष र उद्धारका लागि हिजो त्रयोदशीका दिन बिहीबार साँझ देशभरका शिवालयमा बत्ती बालियो। यही र अघिल्लो वर्ष मृत्यु भएकाको सम्झना र उद्धारका निम्ती बत्ती बाल्ने परम्परा छ। हरेक वर्ष मंसीर कृष्ण त्रयोदशी साँझ बालिने बत्तीले पितृ मोक्ष एवं उद्धार हुने जनविश्वास छ। कसै-कसैले हरेक वर्ष नै शिवालयमा गई बत्ती बाल्ने गरेका छन् ।

राजधानीको पशुपतिनाथ मन्दिर परिसरमा रहेका १ सय १८ शिवलिंग कैलाश सूर्यघाट गौरीघाट आर्यघाट गुह्येश्वरी पशुपति मृगस्थलीलगायत ठाउँमा अघिल्लो साँझदेखि नै भक्तजनको भिड लाग्ने गर्छ। अघिल्लो वर्ष कोभिडका कारण बत्ती बाल्ने तथा शतबिज छर्ने कार्यक्रम पशुपतिमा गरिएको थिएन ।

यसपाली बत्ती बाल्न र शतविज छर्न भक्तजनलाई अनुमति दिइएको पशुपति क्षेत्र विकास कोषका उपमहानिर्देशक गौरीशंकर पराजुलीले जानकारी दिए। ठूलो दियो या तामाको मानोमा घिउ या तेल



राखेर काँचो धाँगाको बत्ती बनाउने प्रचलन छ। कसै-कसैले १२ हातको महादीप पनि बाल्ने गर्छन्। त्रयोदशी साँझ घाम अस्ताउनेबित्तीकै शिवालयमा बालिएको मुख्य बत्तीबाट सल्काएर अरु सल्काउने परम्परा रहेको पण्डित माधवप्रसाद शर्मा बताउँछन्।

प्रत्येक पितृ या मृत व्यक्तिका नाममा छुट्टाछुट्टै बत्ती बाल्ने गरिन्छ। बत्तीसँगै दियो कलश र गणेश थापेर पूजा गर्ने चलन छ। बत्ती बालेपछि रातभर जाग्राम बसि निभ्न दिइँदैन। बत्ती निभेमा मृत व्यक्तिलाई अप्ठ्यारो परेको मानिन्छ। जसका कारण परिवारका सदस्य पालैपालो बत्ती कुरेर बस्ने चलन छ।

शिवालयवरिपरि जम्मा भएकाबीच नाचगान तथा रमाइलो गर्ने चलनसमेत छ। बत्ती रातभर बालेपछि भोलिपल्ट सूर्योदय नहुँदै जलासयमा बिसर्जन गर्ने परम्परा छ। मंसिर कृष्ण चतुर्दशीका दिन परिवारभित्रका सदस्यको दिवंगत आत्माको चिरशान्ति कामना गर्दै धान, जौ, तिल, गहुँ, चना, मकै, कागुनोमिश्रित सतबिज छर्ने चलन छ।

'बालासुर' राक्षसको नामबाट आएको चतुर्दशीमा सतबिज छर्नाले मृतकले जीवित अवस्थामा गरेका सम्पूर्ण पाप नाश हुने जनविश्वास छ ।

अघिल्लो साँझबाट भोलिपल्ट सतबिज छर्ने बेलासम्म पितृका नाममा बत्ती बालिन्छ। उता, ललितपुर झरुवारासीस्थित सन्तानेश्वर, लेलेको तिलेश्वर, चापागाँउको जीवनेश्वरलगायत मन्दिरमा पनि सतबिज छर्नेको बिहानैबाट भीड लाग्ने गरेको छ। मृत्यु भएको वर्षले तीन वर्षसम्म मंसिर कृष्ण त्रयोदशीका दिन बत्ती बालेर सतबिज छर्ने चलन छ।

'परिवारका सदस्यको मृत्यु भएकाले दोस्रो वर्षमा शिवालयमा बत्ती बालेर चतुर्दशीका दिन सतबिज छरेर हवन गर्नुपर्छ,' पण्डित माधवप्रसाद शर्मा भन्छन्, 'सतबिज छर्नुअघि स्नान भएर **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्भना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# मुकुण्डोधारीहरूलाई विनाश गर्न देशभक्त शक्ति एक हौं



**सुरेन्द्र ढकाल**

राजनीति स्वच्छ विचारले परिचालित हुने दर्शन हो जसलाई व्यवहारमा उतार्दा मात्रै विचारहरूको क्रियान्वयन हुन्छ । तर विचार एक अनि व्यवहार ठीक त्यसको उल्टो हुँदा राजनीति मुकुण्डोधारीहरूको कमाइ खाने भाडो र राष्ट्रघात मात्रै हुन्छ भन्ने उदाहरण नेपालको राजनीतिले पेस गरेको छ । उदाहरण भरखरै दशौं महाअधिवेशन सिध्याएको एमालेबाटै शुरु गरौं ।

नेकपा एमालेले आफूलाई लेनिनवादी भन्छ । लेनिनले त रुसी जारको संसद डुमामा आफनो पार्टी वोलसेभिक र अर्को समाजवादी दल मोनसेभिकसँग सहकार्य गरी बहुमत पुऱ्याई देशलाई जनगणतन्त्र संविधान दिन सफल भएको थिए । जब एमालेले माओवादीकेन्द्रसँग एकता गरी डबल नेकपा बनाएपछि यो दल झण्डै दुई तिहाइको बहुमतमा पुगेको थियो । यिनीहरू लेनिनवादी हुन्थे भने त्यही बहुमतको आडमा संविधान संसोधन गरी देशलाई जनगणतन्त्रात्मक व्यवस्था दिन्थे होला । तर त्यसको ठीक विपरीत बहुलवादमा आधारित पश्चिम यूरोपेली इटालियन कम्युनिज्म याने ग्राम्सी मोडेलमा यिनीहरूले आफूलाई प्रस्तुत गरे ।

भन्ने लेनिनवादी तर व्यवहारमा ग्राम्सीवादी चरित्र देखिँदा यिनीहरूको विचारमा विचलन आयो, यिनीहरू पदलोलुप, सर्वसत्तावादी भ्रष्ट, राष्ट्रघाती अनि फरियावादी नातावादी बन्न पुगे । त्यसैकारण पार्टी फुटेर फेरि एमाले, माओवादी केन्द्र र एकिकृत समाजवादी गरी यिनीहरू तीन फ्याकमा परिणत भए । मुकुण्डोधारीहरूको मुकुण्डो उदांग भयो ।

अब कुरा गरौं माओवादीहरूको । यिनीहरूले माओ मोडेलमा क्रान्ति गरी लालसेनाको बलबाटै देशमा जनगणतन्त्र स्थापना गर्ने भन्दै जनयुद्ध शुरु गरी खरबौंको संरचना ध्वस्त गरे । २० औं हजार नेपालीको ज्यान लिएपछि सम्झौताको टेबलमा लगेर युद्धलाई बिसाए ।

जनसेनालाई शाही सेनामा समायोजना गरी संसदीय भासमा जाकिन आइपुगे । माओले त चियाङकाइ सेकसँग मिलेर पहिले औपनिवेशिक शक्ति जापानीलाई चीनबाट लघारे अनि त्यसपछि मात्रै चियाङकाइसेकलाई ताइवानतिर धपाइ लालसेनाकै बलमा चीनमा जनगणतन्त्र स्थापना गरेर देखाइदिएका थिए ।

नेपालका माओवादीहरूले भने ठीक त्यसको उल्टो शत्रु भारतसँग मिलेर १२ बुँदे सम्झौता गरी भारतीय अर्धऔपनिवेशिक उत्पीडनलाई नेपालमा संस्थागत पो गरेर देखाइदिए । तैपनि यिनीहरू आफूलाई माओवादी भन्न लाज मान्दैनन । एमालेको लेनिनवादी र माओवादी केन्द्रको माओवादी मुकुण्डो एकैसाथ उदांग भएको छ अहिले ।

अब कुरा गरौं नेपाली कांग्रेसको समाजवादको । यसले आफूलाई समाजवादी भन्छ तर यसको नवउदारवादी व्यवहारको कारण विदेशी मित्र राष्ट्रहरूले बनाइदिएका दर्जनौं



उद्योगहरू कौडीको भाउमा बेच्ने, १२ लाख युवायुवतीहरूलाई रोजगार दिएको गलैंचा उद्योगलाई घरेलुबाट ठूलो उद्योगको कोटीमा लगेर आयकरको बोझ दिइ तहसनहस पारी नेपाली युवायुवतीहरूलाई रोजगारको लागि विदेश पलायन हुन बाध्य पार्ने काम गरे । यसैकारण नेपाल संसारको सबैभन्दा ठूलो व्यापारघाटा भएको मुलुक बन्न पुग्यो । राष्ट्रिय उद्योग तहसनहस गर्ने कांग्रेसको समाजवादी मुकुण्डो पनि नेपाली जनताको माझ उदांग भएको छ अहिले ।

यी एमाले, माओवादी र कांग्रेस आफूलाई राष्ट्रवादी भन्न पनि पछि पर्दैनन । तर नेपालको असंलग्न परराष्ट्र नीति विपरीत एमसीसीको लागि मरिहत्ते गर्ने एमाले र कांग्रेस अनि नेपालमा भारतको लागि कम्फर्टेबल हुने सरकार बनाउनुपर्छ भन्ने माओवादी केन्द्रको कारण नेपाल अझै पनि पूर्णरुपमा स्वतन्त्र राष्ट्र बन्न सकेको छैन । यिनीहरूको राष्ट्रवादी मुकुण्डो पनि नेपाली जनताले देखिसकेका छन् । यी मुकुण्डोधारीहरूको नेपाली राजनीतिमा भएको बिगबिगी धमाधम यिनीहरूको महाअधिवेशनमा देखिदै छ । अझै पनि नेपाली जनतालाई भेडा बनाउन सकिन्छ भनेर यिनीहरू लागि परेका छन् ।

एमालेको महाअधिवेशनताका चितवनमा देखिएका भेडाहरू अब भोलि मुकुण्डोधारी माओवादी केन्द्र र कांग्रेसको महाअधिवेशनमा काठमाडौंलगायत अरु जिल्लामा पनि देखिने छन् । राष्ट्रवादी नेपाली जनताले जहिलेसम्म यी मुकुण्डोधारीहरूलाई तह लगाउन सक्तैनन नेपालको राष्ट्रिय स्वतन्त्रता र स्वाभीमान, समृद्ध हुने सपना कहिले पूरा हुने छैन ।

चीनको विदेश विभागका प्रवक्ताले नेपालका सत्तामा आएका सबै दलहरू सीआईए र रअको एजेन्टहरू हुन भनेर यसै भनेको होइन यिनीहरूको मुकुण्डो चिनेर नै भनेको हो । अहिले नेपालको राजनीतिमा मुकुण्डोधारीहरूकै बिगबिगी रहेको छ । २०४६ सालपछि सर्वत्र मुकुण्डोधारीहरूकै बोलवाला छ । अब देशभक्त नेपाली जनता एक भई शुद्ध राष्ट्रवादी क्रान्ति नगर्ने हो भने नेपालले पनि सिक्किमको नियति भोग्न बेर छैन । तसर्थ मुकुण्डोधारीहरूलाई विनाश गर्न देशभक्त शक्तिहरू एक हौं ।

## सम्पादकीय

# शैक्षिक सत्र सुधारमा राज्यको बेवास्ता

हाम्रो शैक्षिक क्षेत्रमा सबैभन्दा ठूलो बजेट बर्सेनि खर्च हुने गरेको छ । बजेट खर्च भएअनुसारको शैक्षिक सुधार भने हुन सकिरहेको छैन । ज्ञानको मन्दिरका रूपमा रहेका विद्यालयदेखि विश्वविद्यालयसम्म राजनीतिको चरम अखडाका रूपमा रहेका छन् । शिक्षा क्षेत्रमा जतिसुकै ठूलो योगदान पुऱ्याएको व्यक्ति भए पनि आफू अनुकूलको राजनीतिक ट्याग भिरेको छैन भने उसलाई प्राथमिक विद्यालयको व्यवस्थापन समितिको सदस्य बन्न पनि अयोग्य ठानिन्छ । प्राथमिक तहदेखि विश्वविद्यालयसम्म हावी भएको राजनीतिक नियुक्ति गर्ने परिपाटीले शैक्षिक क्षेत्र सुधारभन्दा पनि अधोगतितर्फ गइरहेको छ । व्यवस्थापन समितिका सदस्यदेखि विश्वविद्यालयको भीसीसम्म योग्यता क्षमताभन्दा पनि राजनीतिक आस्थाका आधारमा नियुक्त हुने परिपाटी कायम रहेसम्म शिक्षामा सुधारको अपेक्षा राख्नु कोरा कल्पना मात्र हुन जान्छ । यसैगरी शिक्षक र प्राध्यापकहरू खुल्लमखुला दलको कार्यकर्ता र दलको विभिन्न तहको निर्वाचनमा प्रतिनिधि बन्ने र भित्रभित्रै नेतृत्वसम्म पुग्ने बाटो बनाउने ध्याउन्नमा लाग्नाले सरस्वतीको मन्दिर मानिने शैक्षिक संस्था राजनीतिक दलका अघोषित कार्यालय जस्ता बन्न पुगेका छन् ।

शैक्षिक क्षेत्रको ओरालो यात्रा कायमै रहेका बेला त्रिभुवन विश्वविद्यालयको गत मंगलबार बसेको विश्वविद्यालयसभा बैठकले करारमा कार्यरत ५०० प्राध्यापकलाई स्वतः स्थायी गराउने निर्णय गरेर अर्को घोर आत्मघाती कदम अघि सारेको छ । विशेष आन्तरिक प्रतिस्पर्धाको नाममा विभिन्न समयमा योग्यता क्षमताभन्दा पनि पावरको भरमा विशवविद्यालय छिरेका राजनीतिक दलका प्रतिनिधिका रूपमा रहेका प्राध्यापकहरूलाई स्थायी गराएर क्षमतावान व्यक्तिहरूको विश्वविद्यालय प्रवेश गर्ने ढोकामा भोटे ताल्चा लगाउने प्रपञ्च रचिएको छ । आन्तरिक प्रतिस्पर्धा भन्ने बित्तिकै यी करारका प्राध्यापकहरू खुला प्रतिस्पर्धामा छन्ोट हुन नसक्ने अवस्थामा रहेका छन् । खुला प्रतिस्पर्धामा भिड्न विशेष तयारी गरेर बसेका फ्रेस जनशक्तिको खुट्टामा बञ्चरो प्रहार गर्ने देउवा सरकारको निर्णयले अहिले शैक्षिक क्षेत्र गरमाएको छ । यो निर्णयको विभिन्न विद्यार्थी संगठनहरूले विरोध गर्दै प्रेस विज्ञप्ति निकालेका छन् । निर्णयको विरोधमा विद्यार्थीहरू सडकमा उत्रने तयारी गरिरहेका छन् ।

विश्वविद्यालय सुधार गर्न सक्षम र योग्य जनशक्तिको खाँचो हुन्छ । विश्वविद्यालयको प्राज्ञिक उन्नयनका प्रमुख अंगका रूपमा रहेका प्राध्यापकहरू असक्षम र राजनीतिक दलका झोले मात्र बने भने अध्ययन अनुसन्धानको क्षेत्रमा नकारात्मक प्रभाव पर्छ ।

देउवा सरकारको निर्णयबाट स्थायी हुने प्राध्यापकहरू पटक पटक भएका प्रतियोगिताहरूमा असफल हुँदै आएका व्यक्तिहरू हुन् । सरकारले करारमा कार्यरत व्यक्तिहरूलाई स्वतः स्थायी नियुक्ति गर्नुभन्दा आवश्यक दरबन्दी खुला प्रतिस्पर्धाबाट पूर्ति गराउन निर्देशन दिनुपर्छ । आफ्नो राजनीतिक झोला स्थायी रूपम बोकाउन सिंगो शैक्षिक क्षेत्रलाई दूरगामी प्रभाव पार्ने कार्य कदापि गरिनु हुन्न ।

यसैगरी अहिले भइरहेका विभिन्न राजनीतिक दलहरूका आन्तरिक निर्वाचनमा राज्यको ढिकुटीबाट तलब खाने शिक्षक, कर्मचारी, प्राध्यापकहरू सहभागी भएर निर्वाचित भएका खबरहरू समेत विभिन्न सञ्चारमाध्यमहरूले सार्वजनिक गरिरहेका छन् । यस्ता छद्मभेषी व्यक्तिहरूलाई सेवाबाट मुक्त हुने हदसम्मको कारबाही गरी प्रचलित ऐन कानुनको पूर्ण पालना गराउन आवश्यक छ । शैक्षिक क्षेत्रको गरिमा बढाउन विद्यालय तहदेखि नै सुधारको खाँचो रहेकोमा यसतर्फ राज्यको गम्भीर ध्यानाकर्षणको खाँचो छ ।

# आकासिएको महँगीमा सरकारको बेवास्ता



**गोविन्द विक**

पेट्रोलियम पदार्थ, दैनिक उपभोग्य वस्तु खाद्यान्न लगायतका सामग्रीहरूमा वृद्धि भएको चर्को मूल्यले हुँदा खाने निमुखा जनताहरूको ढाड सेकिरहेको छ । दिनको ५ सय आम्दानी गर्ने जनताको चुलो बल्न निकै मुस्किल हुँदै गइरहेको छ । आवश्यक दैनिक सामग्रीमा तिब्र रुपमा मूल्य बढ्दा सरकारले कुनै चासो नै नदेखाउनु जनअपेक्षा विपरीत छ ।

राजनीतिक दलहरूको महाधिवेसनमा व्यापारीहरूबाट चन्दा उठाउने प्रवृत्तिले मूल्य वृद्धिलाई थप टेवा दिइरहेको छ । सरकारले मासु, अन्डा लगायतका वस्तुमा आत्मनिर्भरता भएको भनेको छ । बाहिरबाट आयत गरिएको सामग्रीमा भन्दा यहीँ उत्पादन भएका सामग्रीहरू झन् महङगोमा खरिद गर्नुपर्ने बाध्यताले जनता आजित भएका छन् । जुनै जोगी आए पनि कानै चिरिएको भन्ने नेपाली उखानलाई गठबन्धन सरकारका कामहरूमा चरितार्थ भइरहेका छन् ।

गठबन्धन सरकार देशमा मूल्य वृद्धि कम गरी हुँदा खाने निमुखा जनताको दैनिकीमा सहजता ल्याउने काममा भन्दा पनि प्रदेश प्रमुख र राजदुत फेर्नमै व्यस्त देखिएको छ । जनतालाई राहत हुने कुनै पनि काममा गठबन्धन सरकारको ध्यान छैन । कालोबजारी गर्ने कृतिम मूल्य वृद्धि गर्ने व्यापारी तथा कम्पनीहरूको खोजी सरकारले गर्नका लागि आवश्यक ठान्दैन । आवश्यक खाद्यान्न सामग्रीको

**गठबन्धन सरकार देशमा मूल्य वृद्धि कम गरी हुँदा खाने निमुखा जनताको दैनिकीमा सहजता ल्याउने काममा भन्दा पनि प्रदेश प्रमुख र राजदुत फेर्नमै व्यस्त देखिएको छ । जनतालाई राहत हुने कुनै पनि काममा गठबन्धन सरकारको ध्यान छैन ।**

गुणस्तरीयता सुनिश्चित गर्ने र मूल्यवृद्धि कम गर्न बजार अनुगनमका काममा कुनै पनि तहका सरकारहरूको चासो नै छैन ।

स्थानीय सरकारलाई जनस्तरमा बढेको मूल्यवृद्धिले कुनै असरै नगर्ने जस्तो देखिन्छ भने प्रदेश सरकार कुन कुनामा छ कसैलाई पत्तो नै छैन । संघीय सरकारलाई राजदुत फिर्ता र प्रदेश प्रमुख फेर्नमा नै फुर्सद छैन । जनतालाई प्रत्यक्ष प्रभाव पार्ने जनसरोकारका विषयहरूमा तीनै तहका सरकारहरूलाई चासो नहुनु चरम जनअपेक्षालाई बेवास्ता गर्नु हो ।

मजदुरीको ज्यालामा वृद्धि नहुने तर आवश्यक खाद्यान्न सामग्री खरिद मूल्यमा अत्यधिक रुपमा वृद्धि हुने अमिल्दो प्रवृत्तिमा सरकार बेखबर बन्नु लज्जाजनक विषय बन्दैछ । एक लिटर खाने तेलको मूल्य २५० पर्छ भने दिनको ५ सय कमाइ हुने मनदुरले कसरी छाक टार्छ ? यसको बारेमा सरकारको चासो हुने कि नहुने ? यहाँ हुनेखाने भन्दा पनि हुँदाखानेहरूको संख्या धेरै छ भन्ने कुरामा सरकारको ध्यान किन नगएको ?

मुलुकमा अस्वाभाविक रुपमा बढ्दै गएको विकृतिलाई अन्त्य गर्ने अनिवार्य दायित्व सरकारको नै हो भन्ने कुराको महसुस सरकारलाई नहुनु दुखद विषय हो । सरकारले कृतिम रुपमा बढाइएको मूल्यवृद्धि तत्काल नियन्त्रण गर्नका लागि पहल गर्न निकै ढिला भैसकेको छ । अन्य मुलुकमा मूल्य वृद्धि हुँदा हुदाखाने जनतालाई ध्यानमा राखी सरकारले लिने करको दर घटाएर भए पनि मूल्य वृद्धि कम गर्ने ध्यान हुन्छ भने हाम्रो मुलुकको सरकार चाही रमित हेरेर बस्नेभन्दा केही गर्दैन ।

स्थानीयस्तरमा हुने उत्पादनहरूलाई स्थानीय सरकारहरूले बजारीकरणका लागि सहजीकरण गरिदिने काम भयो भने पनि आयतमा कम हुन जान्छ । यही उत्पादन हुने बस्तुमा भन्सार कर लगाउनु पर्ने अवस्था रहन्न । उत्पादनलाई बजारीकरण गरी त्यसबाट हुने मुनाफाको कर सरकारलाई बुझाउने गर्दा बस्तुको मूल्य जनताले थेग्न नै नसक्ने गरी आकासिने सम्भावना निकै कम हुन्छ । त्यसैले सरकारले तिब्र रुपमा उकालो लागेको मूल्य वृद्धिलाई नियन्त्रण गर्नका लागि तत्काल पहल गर्न आवश्यक रहेको छ ।

बजार अनुगमन गरी तिनै तहका सरकारहरूले चरम रुपमा आकासिएको मूल्यलाई नियन्त्रण गर्न आवश्यक संयन्त्रहरू तत्काल परिचालन गर्नुपर्दछ । जनताको दुःखमा रमिते बन्ने सरकारको आवश्यक जनस्तरले ठानेको छैन । जनताको दुःख र पीडामा सारथी बन्ने सरकारको भोक जनतामा तिब्र छ । यस कुरालाई मनन गर्दै तत्काल जनस्तरमा सहज हुने कामका लागि सरकारले ध्यान दिन सकेमा मात्र जनमनमा बास पाइन्छ । आगामी दिनमा पनि सरकारप्रतिको विश्वासमा जनस्तरमा वृद्धि हुने पक्का नै छ ।

# वातावरणीय सन्तुलन आजको आवश्यकता

**रमेश रिजाल**

काठमाडौं उपत्यकाका स्वयम्भु मन्दिर, पशुपतिनाथको मन्दिर, हनुमानढोका, भक्तपुरको दरबार स्क्वायर, पाटनको कृष्ण मन्दिर, पाटन दरबार स्क्वायर, बौद्ध लगायतका थुप्रै धार्मिक तथा सांस्कृतिक सम्पदाहरू रहेका छन् । जसको कारणले उल्लेखनीय पर्यटकहरू नेपाल भ्रमणमा आउने गरेका छन् ।

पशुपतिनाथ र स्वयम्भूनाथ युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत भएका छन् । स्वयम्भूनाथको मन्दिर काठमाडौंको उच्च स्थानमा रहेको छ। स्वयम्भूको डाँडाबाट उपत्यकाको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ। नेपाल भ्रमणमा आएका स्वदेशी तथा विदेशी पर्यटकहरू स्वयम्भू पुग्ने गरेका छन् । उनीहरू उपत्यकाको अवलोकन गरी मनोरन्जन लिन पर्यटकहरू स्वयम्भूमा जाने गरेका हुन् ।

युनेस्केको विश्व सम्पदा सूचीमा भएको पशुपतिनाथ विश्वकै हिन्दू धर्मावलम्बीहरूको आस्थाको केन्द्र मानिन्छ। तर यस मन्दिरको अवस्था जीर्ण छ । बाग्मती नदीको उचित सरसफाइ हुन नसकेर दुर्गन्धित हुन पुगेको छ । यसमा सरोकारवाला निकायको ध्यान पुग्न सकेको छैन ।

पशुपतिनाथ मन्दिर वरपर फैलिएको विकृति, विसंगति र फोहोरमैलाको व्यवस्थापन हुन नसक्नाले



युनेस्कोले पशुपतिनाथको मन्दिरलाई विश्व सम्पदा सूचीबाट हटाउन सक्ने चेतावनी पत्र पनि पठाइसकेको थियो ।

चेतावनी पत्र प्राप्तपछि पशुपति क्षेत्र विकास कोषले ढिलै भए तापनि सरसफाइ अभियान र पुनर्निर्माण कार्यक्रम गर्दै आएको छ । तर कोषले सोचेअनुसार काम गर्न सकेको छैन । यसतर्फ सरकार र पशुपति क्षेत्र विकास कोषको ध्यान समयमै पुग्न जरुरी छ । नत्र युनेस्कोले विश्व सम्पदा सूचीबाट नहटाउन भन्न सकिँदैन ।

पशुपतिनाथको जस्तो हालतमा अन्य धार्मिक तथा सांस्कृतिक सम्पदाहरू पनि छन् । तिनीहरूको समयमै उचित पुनर्निर्माण हुन जरुरी छ । स्वयम्भूनाथको विकास र संरक्षण गर्न भन्दै विभिन्न खाले समितिहरू छन् । सबै समिति मिलेर एउटा अधिकार सम्पन्न स्वयम्भू विकास महासमितिको निर्माण भएको छ । जसको काम मन्दिरको सुरक्षा, सरसफाइ, पुनर्निर्माण गर्नु हो । तर त्यहाँ रहेको वरपरको वातावरणलाई हेर्दा यस्तो लाग्छ कि स्वयम्भूनाथको संरक्षण र सरसफाइमा स्वयम्भू विकास महासमितिले ध्यान दिएको छैन । किनकि मन्दिर वरपरको वातावरण दुर्गन्धित छ । फोहोरहरू छ । त्यहाँ पुगेर हेर्दा त्यसको पुष्टि हुन्छ ।

स्वयम्भूनाथको वरपरको वातावरणलाई सुन्दर र हराभरा बनाउन विकास महासमितिले ध्यान नदिइरहेको अवस्थामा 'स्वयम्भूदेखि सगरमाथासम्म प्रदूषण मुक्त वातावरण हाम्रो अभियान' भन्ने उद्देश्यका साथ स्थापित ग्रिन सोल्जर्स अर्थात् हरियो सिपाहीले करिब ८ महिनादेखि हप्ताको अन्तिम दिन शनिबार सरसफाइ अभियान सञ्चालन गर्दै आएको छ ।

शहरलाई सफा राख्ने काम गर्ने प्रंशसनिय कुरा हो । काठमाडौं शहर विश्वकै प्रदूषित शहरमध्येमा गन्निछ । फोहोर लगाएत सवारी साधनबाट निस्कने दुषित धुँवाले उपत्यका बासिन्दाको स्वास्थ्यमा गम्भिर असर पुऱ्याईरहेको छ । ध्वनि प्रदुषण अर्को गंभिर समस्या बनेको छ । यसतर्फ पनि ध्यान पुऱ्याईए काठमाडौं शहर हाम्रो शहर र राम्रो शहर बन्न सक्छ ।


# मैले देखेको १८५ औं विश्व पर्यटकीय आकर्षण

# मेड्रिडको आल्मुदेना क्याथेड्रल

सुरेन्द्र ढकाल



क्याथेड्रलको मुख्य कक्ष यस्तो रहेछ


परबाट हेर्दा आल्मुदेना क्याथेड्रल


क्याथेड्रलको पप आर्ट डेकोर


क्याथेड्रलभित्रको भर्जिनको मूर्ति


क्याथेड्रलको छिंढी (भुइँतला) यस्तो रहेछ


क्याथेड्रलको दलिनमा गरिएको कलाकृति


क्याथेड्रलको छिंढी (भुइँतला) मा रहेको मूर्ति


आल्मुदेना क्याथेड्रल अगाडि सुरेन्द्र

मेड्रिड दरबार अवलोकन गरेपछि आल्मुदेना क्याथेड्रललाई आफ्नो लक्ष्य बनाइ हामी पैदलै अगाडि बढ्यौं। दरबारबाट प्लाजा देल्ला आर्मेरिया हुँदै क्याथेड्रलको दूरी पुग नपुग एक किलोमिटर रहेछ। हामी दायाँ बायाँको दृश्य हेर्दै क्याथेड्रल पुग्दा साढे एक बजेको थियो।

## आल्मुदेना क्याथेड्रल

यो रोमन क्याथोलिक चर्च रहेछ। यो चर्चको पुरा नाम *Santa María la Real de La Almudena* रहेछ। मेड्रिडको आर्क विशपको कार्यालय र निवाससमेत रहेको यो चर्चको वास्तुपूजा (Consecretion) सन १९९३ मा तत्कालिन पोप जोन पाउल द्वितीयले गरेका रहेछन्।

जब सन् १५६१ मा स्पेनको राजधानी तोलेदोबाट मेड्रिड सर्‍यो तर चर्च भने चाही तोलेदोमा नै रहेको कारण नयाँ राजधानी मेड्रिड क्याथेड्रलरहित बन्न पुगेको रहेछ र १६ औं शताब्दिमा नै Virgin of Almudena को नाममा मेड्रिडमा क्याथेड्रल बनाउने सोच बनेको रहेछ।

तर तत्कालिन औपेनिवेशिक शक्ति बनेको स्पेन विश्वका विभिन्न ४० शहरहरूमा क्याथेड्रल र किल्ला निर्माण गरे तापनि मेड्रिडमा क्याथेड्रल बनाउनुभन्दा पनि उनीहरूको धुन आफ्नो उपनिवेश विश्वभर फैलाउनमा नै केन्द्रित भएको रहेछ। यसैको कारण मेड्रिडमा क्याथेड्रल बनाउने कुरा प्राथमिकतामा परेनछ। यसैको कारण पछि सन १८७९ मा गएर मात्र मेड्रिड क्याथेड्रलको निर्माण शुरु हुन पुगेछ।

यो क्याथेड्रल आल्फोन्सो ५ औंले सन् १०८३ मेड्रिड कब्जा गरेपछि भत्काएको मध्यकालिन मस्जिद (Mosque) भएको स्थानमै बनाइएको भनिदो रहेछ।

फ्रान्चेस्को दे कुवासले गोथिक शैलीमा डिजाइन गरेको यो क्याथेड्रलको निर्माण कार्य स्पेनिस गृहयुद्धको कारण स्थगनमा परेको रहेछ र निर्माणस्थल सन १९५० सम्म वेवारिसी अवस्थामा पर्न पुगी सन १९९३ मा आएर मात्र यस्को निर्माण सम्पन्न भएको कारण युरोपको पछिल्लो नयाँ क्याथेड्रलको श्रेणीमा यो भवन पर्दो रहेछ। यही क्याथेड्रलमा सन २००४ मा स्पेनी राजा फिलिप छैठौंको विवाह सम्पन्न भएको रहेछ।


नव गोथिक शैलीको यो क्याथेड्रलको भित्री भाग पुरै आधुनिक रहेछ। क्याथेड्रल भित्रको गजुर (Chapel) र मूर्तिहरू आधुनिक कलाकारहरूले बनाएको हुँदा यसलाई ऐतिहासिक पपआर्ट सजावट (Pop–art décor) को फरक किसिमको पुनरावृत्ति भएको भन्दा रहेछन्।

गजुरको मोज्याक मार्को इभान रुपनिकको शैलीमा किको आरगुएल्लोले पेन्ट गरेका रहेछन् जो Neocatechumenal Way का संस्थापक कलाकारको रुपमा स्थापित रहेछन्। यस क्याथेड्रलको भुइँतला (Crypt) मा नवरोमन शैली (Neo–Romanesque) को १६औं शताब्दिको *Virgen de la Almudena* को मुर्ति राखिएको कारण यस क्याथेड्रलको नाम आल्मुदेना रहन गएको रहेछ। त्यहाँ उत्खनन गरिएका मोरिस वास्तुकलामा आधारित शहरको पर्खालको भग्नावशेषसहित अन्य वस्तुहरू देख्न पाइदो रहेछ।

समीक्षा

# त्यो मर्दको माया

मोहराज शर्मा मोहन




देश प्रेमको सिङ्गो जीवन कथा बोकेको कथा हो मर्दको माया। हामी देशबाट जति टाढा पुग्छौं उति हाम्रो देशप्रेम अझै गाढा बन्दै गईरहेको हुन्छ। हामी भूगोलको जहाँ जहाँ पुग्छौ त्यही त्यही हाम्रा कला साहित्य र संस्कृति पुऱ्याउछौ। अनि हामी भित्रका विभिन्न क्षमता प्रत्यक्ष वा परोक्ष रूपमा प्रस्फुटन गराइरहेका हुन्छौं। हामीलाई बन्द कोठा भित्र बसेर जीवन दर्शनका कुरा गर्ने अनि काल्पनिकतामा डुबेर कोर्ने शब्दहरू जति खस्रा लाग्छन् त्यसको दुईगुणा स्वादिला र जीवन उपयोगी लाग्छन् जीवन भोगाइ र संघर्षको मैदानबाट कोरीएका शब्दहरू यी शब्दहरूको शब्द शब्दमा जीवनको अर्थ र जीवनको स्वाद भेटिन्छ। भोगाइ अनुसार मानिसहरूले जीवनको परिभाषा बेग्लाबेग्लै गर्लान् तर आम मनिसहरू आफ्नो यथार्थलाई विश्लेषण गरीरहेका हुन्छन्।

अध्यनको क्रममा शब्दचित्रहरूमा त्यहाँ मैले यथार्थ जीवनको भोगाइ भेटे, त्यहाँ मैले परदेशको पिडा भेटे, त्यहाँ मैले देश प्रेम भेटे त्यहाँ आफन्तको यादमा चिच्चाईरहेका सयौं रातहरू भेटे। साथै मैले 'मर्दको माया' भित्रभित्रै सिङ्गो प्रदेशको पिडा भेटें अनि रोदन र टिठ लाग्दो जिन्दगानी नै पनि भेटें। 'मर्दको माया' आकुलव्याकुल प्रदेशको खस्रो जीवन भित्र डुबेकी भगवती बस्नेतद्वारा लेखिएको एउटा सिङ्गो परदेशी जीवनको कथा हो।

साहित्यमा पाठकलाई लेखकले टाउको कन्याउदै कोरेका काल्पनिक शब्दहरूको मजा पनि बेग्लै हुन्छ नै। अनि पृथक भोगाइमा प्रबाहित शब्दहरूको साहित्यले पाठकलाई कसरी मन्त्रमुग्ध बनाउछ त्यसको मजा लिन पनि एकपटक पढ्नै पर्ने पुस्तक मर्दको माया पनि एक हो। परदेश भोगाई देखाई र सुनाईमा धेरै फरक छ। देशमा बसेर परदेश बस्नेहरूको डलर, रियल र दिराम प्राप्तिलाई जति नरम रूपमा लिन्छन् त्यसको हजारौं गुणा साह्रो भोग्नेहरूलाई थाहा छ। यो ब्यस्त जीवन भित्र मर्दको माया जन्माउन कति गाह्रो हुन्छ त्यो त हातमा हरियो पासपोर्ट र म्यानपावरले थमाएको एकथान भिजा बोकेर त्रिभुवन बिमानस्थल छोड्नेहरूलाई मात्र हुन्छ।

मर्दको माया पुरुष प्रधान समाजमा नारी जीवनले परदेशमा भोगेका पिडाहरू आफन्त र समाजले गरेका इन्कारहरू जीवनसाथीले गरेका अबिश्वास र शंकाहरू छोराछोरीको यादमा एक्लै तड्पिएका पलहरू र परदेशी जीवन संगै उजाडिएका सपनाहरूको प्रतिबिम्ब हो। विमानले नेपाली भूमिबाट खुट्टो उचाल्दै गर्दा झारेका दुई थोपा आसुदेखि भोकभोकै चिच्चाईरहेका, मायामा बर्बराईरहेका र पीडाले छट्पटाईरहेका ती हजारौं काला रातहरूको एउटा यथार्थबादी शाब्दिक बुट्टेदार कथाको माला हो भगवतीको मर्दको माया। अझै भनौं मर्दको माया पुरुष प्रधान समाजमा नारी जीवनले परदेशमा भोगेका पिडाहरू आफन्त र समाजले गरेका इन्कारहरू जीवनसाथीले गरेका अबिश्वास र शंकाहरू छोराछोरीको यादमा एक्लै तड्पिएका पलहरू र परदेशी जीवन संगै उजाडिएका सपनाहरूको प्रतिबिम्ब हो।

शुरूवात देखी केही कथाहरूमा डुब्दै जादा बिर्सन नसकेको माया शिर्षकको कथा भित्र बासनामा प्रेम पछि पुनः प्रेम गर्नेहरूको सिङ्गो जीवन कथा अटेको छ। जब निहित स्वार्थमा बल्झाएकाहरूले स्वार्थ पुराभए पछि लत्ताईदिन्छन तब बल्ल थाहा हुन्छ अबुझहरूलाई चोखो मायाको अर्थ। अनि सम्झिन्छन पुरानो माया जसले हरपल साथ दियो जसको निस्वार्थ माया दियो उनकै कल्पनामा बरालिन्छन। तर त्यतिबेला पुनर्मिलन असम्भव भैसकेको हुन्छ किनकि ईमान राख्नेहरू आफ्नो स्वाभिमान गिर्न दिदैनन।

माया पछि पुन मायाको क्षणिक बासनामा रम्न खोज्नेहरूको कत्रो भावना अटेको छ यो कथा भित्र। अर्को कथा युद्धले चुडेको मन शिर्षक भित्र प्रेममा पोखिने शब्दहरू एक अर्का प्रतिको भाव समाज संगको सामिप्यता प्रेममा आइपर्ने अप्ठ्याराहरू नेपालमा चलेको रहनसहन र बिदेशको खुल्लापन र आफै गरौ आफै बाचौ भन्ने सस्कृति अनि हाम्रो देशमा भएका र सोच्ने गरेका रुढीबादी परम्परा र सासू बुहारीको खटपटको सूक्ष्म रुपमा प्रस्तुत गर्दै साचो मायालाई फरक देश धर्म सस्कृति भाषा र जातले कुनै असर गर्दैन साचो माया गर्नेहरूले बाचुन्जेल त मरेपछि पनि उसको छाया र पाइला पाइला परेको ठाउँमा आफ्नो प्रेमिको मुहार देखिरहन्छन् अनि कुरिरहन्छन् आफू बाचुन्जेल मेरो माया अमर छ भन्दै बाच्नेहरूको जीवनलाई निकै मार्मिक रूपमा प्रस्तुत गरिएको छ।

त्यस्तै सबल निर्णय भित्र संसारमा कोही आफ्नो हुदैनन् हुन्छन् त केवल सुखमा अनि आफ्नो स्वार्थको अभिष्ट भाडो नभरिन्जेल त्यसैले कसैलाई पनि पुर्ण बिश्वास गर्नुहुन्न। जीवनका अनेकन रंगहरू भित्र आफ्नो जीवन आफै हिड्याउने स्वालम्भी जीवन पनि देख्न सक्नुपर्छ परनिर्भरताको फल एकदिन धोका हुन सक्छ भनेर दुइटा प्रेमी मार्फत प्रस्तुत गरेएको छ।

भगवती बस्नेतको मर्दको माया भित्रका १३ वटा कथाहरू पढिसके पछि पाठकले बुझ्छ सादा जीवनको रंगीन अर्थ १ अनि यस मर्दको मायाले परदेशको रंगीन संसारमा हराईरहेको हाम्रो ब्ल्याक एन्ड वाइट जीवनको एउटा वास्तविक दर्शन पनि बुझाउछ।

स्वास्थ्य

# असन्तुलित खानेकुरा नै रोगको कारक



अधिकांश नेपाली कुनै न कुनै रोगबाट सताइएका छन। स्वास्थ्य सचेतनाको कमी, झन्झटिलो उपचार प्रणाली, खर्चिलो अस्पताल सेवा आदिले गर्दा रोग पालेर बस्न बाध्य छन। धेरैजसोमा दीर्घरोगको समस्या देखिन्छ। यसरी रोगले गाँजेपछि धेरै कुरामा सजगता अपनाउनुपर्ने अवस्था हुन्छ।

अक्सर कुनै रोग लागेपछि खानेकुरामा परहेज गराइन्छ। कतिलाई माछामासुमा कटौती गर्न सुझाइन्छ भने कतिलाई चामल-आलु जस्ता अन्नमा कटौती गर्न भनिन्छ। यसरी खानेकुरा कटौती गरेपछि उनीहरूको शरीरमा आवश्यक पोषक तत्वको सन्तुलन बिग्रन्छ।

सीमित अर्थात थोरैथोरै खानुपर्छ भन्ने हो। पूर्ण रुपमा बन्देज लगाउने होइन। रोगअनुसार अथवा सुगर भएकालाई सुगर बढाउने चीज, उच्च रक्तचाप भएकालाई रक्तचाप बढाउने चीज खाँदा थोरै खान भन्ने हो। डाइट भनेकै खानेकुरालाई कडाइ गर्नु हो। मन लागेजअित खानु पनि हुँदैन र खाँदै नखाने गर्ने भन्ने पनि होइन। त्योसँगै अरू खानेकुरा खानको लागि सिफारिस गरिन्छ। जसको कारण पोषणको अभाव हुँदैन।

खानेकुराहरू पनि समय समयमा थोरै मात्रामा खाने। त्योभन्दा बाहेक फलफूलको मात्रा मिलाए खाने। वलिभ बोइल, दही, ओखर, बदामका तेलहरू, ओमेगा सिक्स र ओमेगा थ्रीको रेसियो मिलाएर खानुपर्छ। सबै चीजको मात्रा मिलाएर खाने हो। स्याउ एउटा नखाएर आधा खाने, केरा आधा खाने, अनार खान सकिन्छ। त्योबाहेक सम्बन्धित व्यक्तिको शारीरिक अवस्था, स्वास्थ्य अवस्था अनुसार सिफारिस गर्न सकिन्छ। स्वास्थ्य अवस्था जाँच नगरी यसरी खाने भनेर भन्न सकिँदैन।

रोग लागेकालाई मात्रै होइन सामान्य व्यक्तिहरूले पनि खानेकुराको सन्तुलन मिलाउनुपर्छ। अधिकांश रोगहरू बंशाणुगतबाहेक लाग्ने रोगहरू असन्तुलित खानेकुराबाट लाग्छ। त्यसैले खानेकुराको सन्तुलन मिलाउन, सचेत हुन अत्यन्तै जरुरी छ। तर खानेकुराको सन्तुलन मिलाउनको लागि आफू खुसी गर्ने होइन। पोषणविद तथा आहारविज्ञको सुझाव लिनुपर्ने हुन्छ। व्यअितअनुसार फरकफरक पोषण आवश्यक पर्छ। जसको कारण कुनै आवश्यक चीजको कमी भई अर्को समस्या आउनसक्छ। आजभोलि सबै अस्पतालहरूमा पोषणविद्हरू हुन्छन अथवा कोही चिनजानका पोषणविद्हरू भए सुझाव लिन सकिन्छ।

पोषणका प्रोटिन, कार्बोहाइड्रेट अर्थात शक्तिबर्द्धक पाउने खानेकुराहरू स्वास्थ्य व्यक्तिका लागि अनिवार्य हो। माछामासु, अण्डा, गेडागुडी दूध, अनाज, आलु, सख्खरखण्ड लगायतका चीजहरू खानुपर्छ। बिरामीहरूको लागि भने पोषणविद्को सुझाव अनुसार खानुपर्छ। पानी सबैले दैनिक कम्तीमा दुई लिटर पिउनुपर्छ।

हाम्रो शरीरमा आवश्यक पोषण तत्व मुख्य खानेकुराबाट नै हो। हामी कहाँ उपलब्ध हुने चीजहरूबाट पोषण प्राप्त गर्न पनि सकिन्छ। समस्या मात्रा मिलाउनु हो।

शरीरलाई आवश्यक खनिजको स्रोत भनेको गाँजर, मुला, फलफूल, रातो मासु, टमाटर लगायतका चीजहरू प्राप्त गर्न सकिन्छ। जमिनमुनि फल्ने चीजहरू खानुपर्छ। मुलको पानी पिउँदा पनि आवश्यक खनिज प्राप्त गर्न सकिन्छ। सम्भव भएसम्म ओजोनाइज्ड गरेको पानी नपिउनु।

मोटायो भनेर चिल्लो खाँदै नखाने होइन। त्यो हामीले खाने चीजहरूमा हुन्छ। अनाज, दही, दूधहरूमा पाइन्छ। त्यसले पनि शरीरलाई आवश्यक पुग्छ। तारेको, एकपटकभन्दा बढी पटक प्रयोग गरिएका तेलबाट बनेका चीजहरू खानु हुँदैन। जस्तो दालमोठ, भुजिया, सेल रोटी, समोसा जस्ता चीजहरू भने नखाँदा ठीक हुन्छ। यस्ता चीजहरू पटक-पटक प्रयोग भएका तेलबाट बन्ने भएकोले तेलबाट पाइने तत्व नष्ट भएर खराब तत्व हुन्छ। उमेर अनुसार नियमित व्यायाम गर्नुपऱ्यो। साँझ खाना कम खाने। थोरै क्यालोरी, थोरै प्रोटिन भएका चीजहरू खानुपर्छ। काँको, गाँजर, मुला बढी खाने गर्न सकिन्छ।

बेमौसमी सिजनका फलफूलबाट पोषक तत्व नै नपाइने भन्ने त होइन तर प्रकृतिले पनि त्यही अनुसार ब्यालेन्स गरेको हुन्छ। त्यसैले बेमौसमीभन्दा मौसमी फलफूलबाट बढी पोषक तत्व पाइन्छ। त्यसैले मौसमी फलफूल सकेसम्म बढी खानुपर्छ। हामी कहाँ एउटा गलत मान्यता के छ भने मौसमी फलफूल सस्तो हुने र बेमौसमी फलफूल महँगो हुने हुन्छ। महँगो चीज राम्रो भन्ने गलत बुझाइ पनि पाइन्छ। त्यो गलत बुझाइ हो। मौसमी फलफूलकै स्वादिलो पनि पोषिलो पनि हुन्छ। त्यसैले सकेसम्म मौसमी फलफूलको सेवन बढाउन आवश्यक छ।

नियात्रा

# स्मृतिको क्यानभास–२ (२)

✍ रामप्रसाद पन्त

हामीकहाँ सजीवनको तेलबाट गाडी चलाएको उदाहरण पनि त छँदै छ। हेलिकोप्टर बनाएर उडाएको देखेका होइनौँ र हामीले ? मृत शरीरबाट मुटु निकालेरजीवित मानिसमा प्रत्यारोपण गर्ने पहिलो डाक्टर (अष्ट्रेलिया) नेपाली होइन र ? मङ्गल ग्रहमा पानी छ भनी ठोकुवा गर्ने नासाको वैज्ञानिक नेपाली होइन र ? हामी स्वाभिमानी बन्न सकेनौँ, परनिर्भतामा बाँच्ने शैली हामीकहाँ विकसित भयो। हामी यति अल्छी भयौँ कि अर्काले दिएको खाने। एक कदम पनि अघि नबढाउने। विकल्प केही नसोच्ने। त्यसको परिणति भोग्दै छौँ यस बेला पनि। केही त हाम्रै दाजुभाइहरूले 'कहीँ नभएको जात्रा हाँडीगाउँमा' देखाउँदै छन् र आफ्नो सीमा आफैँ बन्द गर्दै छन्। अर्कोतिर 'के निहुँ पाउँ, कनिका बुकाउँ।' यही मौका छोपेर छिमेकी देशले बन्द सफल गराउन मलजल गर्दै छ। हाम्रा नेता दलीय स्वार्थ पूरा गर्दै छन्, जनता भोकभोकै मर्दै छन्। यसप्रकारको राजनीतिक संस्कार विकास भएपछि देशको अवस्था हाम्रो जस्तो नभएर कस्तो हुन्छ ?

म एकछिन कल्पनाजगतमा हराएँछु। हामी गाजियावाद पुगिसकेछौँ। रामप्रीतको आवाज आयो– अब हामी उत्तरप्रदेश प्रवेश गर्दै छौँ।

मैले रामप्रीतलाई भनिसकेको छु र उनीसँगै बस्ने राधेश्यामलाई पनि संस्मरण गराएको छु– 'हामी कहाँ कहाँ हुँदै जाँदैछौँ ? ठाउँका विशेषताहरू के के हुन् ? र आगामी बाटोको रुपरेखा कस्तो छ ? बताउँदै जानू।'


रामप्रीतले गाजियावादकै चर्चा गर्न थाले– 'यहाँ ठूलाठूला गुण्डागर्दी हुने गर्छन्। साँझ परेपछि सडक तताउँछन् दादाहरूले। फिल्म हल उनीहरूकै कब्जामा हुन्छ। जे भन्यो त्यही लाग्छ फिल्म। सञ्जयदत्त अभिनित फिल्म आयो भने मारामार हुन्छ गाजियावादमा।

त्यसैबेला एउटा चोकको जाममा पऱ्यो हाम्रो गाडी। दुईवटा केटा आएर हामी चढेको गाडी पुछिदिन थाले। यस्तो तरिका मैले विदेश घुम्दा देखेको थिएँ। सिधै पैसा माग्नुभन्दा काम देखाएर पैसा लिने उनीहरूको बानी हुन्थ्यो। मलाई मन परेको थियो त्यो चलन।

तर रामप्रीतले गाडी पुछिदिन पर्दैन भन्ने सङ्केत गरे – गाडीको सिसा पनि नखोलीकन भित्रैबाट। र, हामीलाई सुनाए – 'खतरनाक हुन्छन् यी माग्नेहरू। सिसा खोलेर पैसा दिन थाल्यो भने उल्टै मोवाइल वा अरु जे पाइन्छ टिपेर भाग्छन्, अनि कहाँ खोज्न जाने तिनीहरूलाई ?'

अलिकति अगाडि बढ्दा भेटियो एउटा नदी। पुलको मुखमा लेखिएको थियो – हिन्टन नदी। कस्तो नाम राखिएको होला हिन्टन ? अनुमान लगाएँ–अँग्रेजको पालामा कुनै अँग्रेजको नामबाट राखिएको होला यस नदीको नाम !

गाजियावाद सहर कटेपछि स्पष्ट छुट्टियो– दिल्लीप्रशासित क्षेत्र र उत्तरप्रदेश। बाटोको छेउकुना फोहोरले ढाकिएको थियो। घर पनि रङ्गविहीन पुराना शैलीका। अनि मानिसहरू पनि फोहोरी र संस्कारविहीन जस्ता। धेरै वर्षअघि गया जाँदा मैले प्रकृतिको रुपरङ्ग त्यस्तै फरक पाएको थिएँ– उत्तरप्रदेश हरियालीपूर्ण र विहार फुङ्ग रङ्ग उडेजस्तो उजाड। तर अहिले त म सुन्दै छु, नितेशकुमारले विहारको रुपै बदलिदिए, जीवनस्तर नै उकासिदिए। हुनसक्छ, त्यो अदलबदलभित्र प्रकृतिको रुपरङ्ग पनि बदलिएको होला !




हामीहरू साहित्यकार थियौँ, साहित्यिक पत्रकार थियौँ र प्रकाशन गृहसँग आबद्ध व्यक्तित्वहरू थियौँ। प्राकृतिक रुपरङ्ग बदलिएजस्तै बाटोको रुपरेखा पनि बदलिँदै थियो। हामी सहरी गन्जागोलबाट एकदमै बाहिर निस्केर महापथको तुफानी यात्रामा अग्रसर हुँदै थियौँ। यात्रालाई रुमानी स्वाद दिने धुनमा थिए साथीहरू। विषय त जे खोजे पनि पाइन सक्छ तर त्यसलाई प्रस्तुत गर्ने शैलीले बढी महत्व राख्दछ।

कुरा केही त गर्नु नै थियो, कुरा केही त सुन्नु नै थियो, चुपचाप लागेर बस्ने त कुरै भएन। अनि त चर्चाका विषय बने – साहित्यिक पत्रकार संघ, नेपाल साहित्यिक पत्रकार संघ। अनि प्रकाशन हुन थाले– नइ प्रकाशन, बगर प्रकाशन र जनमत प्रकाशनहरू। त्यसपछि पालो आयो पुरस्कारहरूको। मदन पुरस्कारदेखि दमन पुरस्कारसम्मका थरीथरीका पुरस्कारहरू। थरीथरीका प्रयोजन, थरीथरीका चाहना र थरीथरीका कामना। कति सार्थक ! कति निरर्थक ! कति लोभ ! कति आशा ! कति मान ! कति अपमान ! कति योग्य ! कति अयोग्य ! कति निष्ठा ! कति प्रतिष्ठा !

विशाल परिसरमा निर्मित दिगम्बर जैन मन्दिर देखियो। साकाहारी भोजन सात्विक आहार र आचार विचारका नाराहरू लेखिएका बोर्डहरू देखिए। क्षणभरकै कुदाइमा देखियो आयुध निर्माणी मुरादानगर। अर्थात् मुरादानगरस्थित आयुर्वेदिक औषधी निर्माण गर्ने विशाल कारखाना।

हो, वास्तवमा वर्तमान युगको मानिस तामसी भइसकेको छ। उसलाई सात्विक आहार, सात्विक विचार, नैतिक मूल्य र मान्यता, अनुशासन र कर्तव्य केही मन पर्दैन। त्यसैले त आजको संसार हत्या हिंसा र दुराचारतर्फ उन्मुख छ। यसबाट मुक्ति पाउनका लागि उसले सात्विक अनुशासन भित्र बाँधिनै पर्छ र आयुर्वेदिक औषधिको प्रयोगमा ध्यान केन्द्रित गर्नैपर्छ। नत्र दुराचारको जन्जीरले ऊ बाँधिदै जान्छ र विनाशको खाडलमा पर्छ। यो सन्देश दिनका लागि पनि यस्ता अध्यात्म केन्द्रहरू र आयुध निर्माणीहरू आवश्यक पर्ने गर्छन्।

एउटा नहरमा दृष्टि केन्द्रित हुँदै थियो मेरो। त्यसको उद्गम कुन नदी होला ! सिञ्चित क्षेत्र कति होला र यात्रा कहाँसम्मको होला ! यसको सही जवाफ पनि पाएँ मैले रामप्रितबाटै। उद्गम रहेछ गङ्गा, समागम रहेछ गङ्गा, आरम्भ रहेछ हरिद्वार र गन्तव्य रहेछ कानपुर।

सोचेँ, भारतले यसरी आफ्नै स्रोत, साधन र निर्णयमा सिँचाइका आयोजनाहरू सम्पन्न गर्न सके पनि विद्युतका आयोजनाहरू परिचालन गर्न त नेपालको सहयोग पनि आवश्यक पर्छ नि ! मोदीको मन ऋषिमन छँदा सदनमै बोलेका थिए– 'के सहयोग गर्नुपर्छ भन्नुस्। विद्युत् उत्पादन गर्नुस् र बढी भएको बिजुली उचित मूल्यमा हामीलाई दिनुस्।'

तर हामीले कुटनीतिक दृष्टि प्रक्षेपण गर्न सकेनौँ, कुटनीतिक भाषा प्रयोग गर्न सकेनौँ, कुटनीतिक व्यवहार प्रस्तुत गर्न सकेनौँ र मौकाको फाइदा लिन सकेनौँ। इनारमा पानी छँदासम्म हामी पानीको विकल्प सोच्दै सोच्दैनौँ। कानमा तेल हालेर सुत्छौँ। जब इनारको पानी सकिन्छ, अनि छटपटाउन थाल्छौँ। यदि हामीले विद्युत् उत्पादन प्रशस्त मात्रामा गर्न सकेको भए नाकाबन्दीको असर पर्ने नै थिएन। उल्टै हामीले वितरण गरेको विद्युत् बन्द गरिदिने थियौँ र नाकको चालमा भारतलाई घुँडा टेकाउने थियौँ। तर लाजमर्दो कुरा, जलस्रोतको धनी देशले उल्टै बिजुली किनिरहेको छ, कृषिप्रधान देशले उल्टै चामल, आलु, प्याज, तरकारी र फलफूल किनिरहेको छ।

सोचेर म दिग्दार भइरहेको थिएँ। साथीहरूका कुरा सुन्नमा पनि मेरो ध्यान गइरहेको थिएन। जुन देशको भूमिमा हामी घुम्दै छौँ र विकास हेर्दै छौँ। कता कता लाज पनि लागिरहेको थियो। कता कता आत्मग्लानीले पनि सताइरहेको थियो, कता कता हिनताबोधले पनि आत्मसम्मानमा चोट पुऱ्याइरहेको थियो। नेपाली हुँ भनेर गौरव गर्ने ठाउँ थिएन। सगरमाथापुत्र हुँ भनेर शिर ठाडो गर्ने आँट आइरहेको थिएन। अल्छी, कमजोर पानीमरुवा भएपछि जसले पनि त हेप्छ नि ! लोग्नेले स्वास्नीलाई र स्वास्नीले लोग्नेलाई त नटेर्ने अवस्था आउँछ भने अरु कसले कसलाई टेर्छ ?

आत्मविस्मृतिमा हराइरहेको बेला साथीहरूले भने– 'मोदी, मोदी ! आयो मोदीनगर।' म विस्मृतिलोकबाट फर्कें– मोदीप्रति घृणा उब्जिरहेको बेला कहाँबाट आयो मोदीको नाम अचानक ? स्पष्ट भयो – मोदीनगर पुगेछौँ हामी।

मलाई थाहा थियो– त्यो नगर, नरेन्द्र दामोदरदास मोदीको नाममा नभएर अर्का प्रख्यात गुजराती राजनीतिज्ञ सरदार बल्लभभाइ पटेल (मोदी)को नामबाट राखिएको नगर थियो।

अब हामी यस्तो विन्दुमा पुगेका थियौँ, जहाँबाट एउटा बाटो मेरठ हुँदै हरिद्वार जान्थ्यो, अर्को रुड्की हुँदै देहरादून। अब हामी लाग्यौँ रुड्कीतिर। तर हामी यसबेला भने मेरठ जिल्लामै थियौँ र मेरठको मोदी साबुनको चर्चा गर्दै थियौँ। मोदी साबुन एकताका नेपालमा पनि चर्चित थियो।

*(क्रमशः)*

# विश्वमा हतियार नियन्त्रणको बहस



विष्णु भट्टराई





उत्तर कोरियाले पछिल्लोपटक ३ सेप्टेम्बर २०१७ मा छैठौं परमाणु बमको रूपमा हाइड्रोजन बमको सफल परीक्षण गरेको थियो भने नोभेम्बर महिनामा सफल परीक्षण गरेको ह्वासोङ-१५ क्षेप्यास्त्रले अमेरिकाको मुख्य भूमिसम्म मार हान्नुका साथै परमाणु बम लिएर जान सक्ने बताएपछि अमेरिका आक्रोशित भएको थियो। त्यसअघि अमेरिकाको नियन्त्रणमा रहेको गुआम टापुमा उत्तर कोरियाले आक्रमण गर्ने हल्ला चलेपछि त्यस क्षेत्रमा त्रासको वातावरण सिर्जना भएको थियो।

उत्तरकोरियाले ३ वर्षअघि आणविक हतियार निर्माणको कार्य बन्द गरेको घोषणा गरेको थियो। छिमेकी दक्षिण कोरियाका राष्ट्रपति मुन जाए-इन र नेता किम जोङ-उनबीच भएको शिखरवार्तापछि शान्ति सम्झौता भएर त्यसको कार्यान्वयन सुरु हुने अपेक्षा गरिएको थियो। तर अमेरिकाले उत्तरकोरियामाथि लगाएको प्रतिबन्ध हटाइनुपर्ने उत्तरकोरियाको मागलाई बेवास्ता गरियो। संयुक्त राष्ट्रसंघले समेत उत्तरकोरियामाथि थप कडा नाकाबन्दीको घोषणा गर्‍यो। यसबाट क्रुद्ध बनेको उत्तरकोरियाले अमेरिकासँग शिखर वार्ता गर्ने प्रस्ताव गर्‍यो। तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तरकोरियाली सर्वोच्च नेता किम जोङ इनबीच सिंगापुरमा शिखर वार्ता भयो। अमेरिकाले कोरियामाथिको प्रतिबन्ध हटाउने आश्वासन दियो भने उत्तरकोरियाले आणविक हतियारको परीक्षण नगर्ने वचनबद्धता प्रकट गर्‍यो। तर अमेरिकाले आफैंले वचनबद्धता गरेको कुरा पूरा गरेन। फेरि उत्तरकोरियाले आणविक हतियारको परीक्षण सुर गर्‍यो। उसले उत्तरकोरियाबाट वाशिङ्टनसम्म प्रहार गर्न सक्ने मिसाइलहरू परीक्षण गरेपछि अमेरिका अत्तालियो। फेरि उत्तरकोरियाले अमेरिकासँग शिखर वार्ताको प्रस्ताव गर्‍यो। अमेरिकी राष्ट्रपति ट्रम्प र नेता उनबीच भियतनाममा दोस्रो पटक शिखर वार्ता सम्पन्न भयो। तर यो वार्ताले सार्थक परिणाम भने दिन सकेन। अमेरिकी राष्ट्रपति ट्रम्पले उत्तरकोरियामाथिको प्रतिबन्ध हटाउन कुनै प्रयास गरेनन्। यसलाई उत्तरकोरियाले वार्ता भंगको रुपमा अर्थ्यायो। उसले पुनः बन्द गरिएका आणविक भट्टीहरूसमेत सञ्चालन गर्न थाल्यो र लामो दूरीका घातक क्षेप्यास्त्रहरू परीक्षण गर्न थाल्यो। यस्तैमा अमेरिकामा राष्ट्रपतीय निर्वाचन सम्पन्न भयो र ट्रम्प पराजित हुन पुगे। उनको स्थानमा डेमोक्रेटिक पार्टीका उम्मेदवार जो वाइडेन उदाए। अहिले वाइडेन प्रशासन र उत्तरकोरियाबीच खासै कुनै प्रकारको कूटनीतिक वार्ता हुन सकेको छैन। उत्तरकोरियाले धमाधम क्षेप्यास्त्रहरू परीक्षण गरिरहेको छ। पछिल्लो समय उसले हाइड्रोजन बमसमेत निर्माण गरिसकेको छ। यसले कोरियाली प्रायद्विपमा शान्ति छाउने अपेक्षा धुलिसात भइरहेको छ। दक्षिणकोरियामा बाक्लो अमेरिकी सैनिकहरूको उपस्थितिलाई उत्तरकोरियाले आफ्नो सम्प्रभूतामाथि खतरा देखिरहेको छ। जबसम्म दक्षिणकोरियाबाट अमेरिकी सैनिक हट्दैनन्, अमेरिकी सैनिक र दक्षिण कोरियाली सैनिकले संयुक्त सैनिक अभ्यास गरेर उत्तरकोरियालाई तर्साउन छोड्दैनन् र उत्तरकोरियामाथिको अमेरिकी प्रतिबन्ध हट्दैन, तबसम्म उत्तरकोरियाले आणविक कारखानालाई तीव्र रुपमा अघि बढाउँदै आणविक हतियारहरू निर्माण गरिरहने कुरा निश्चित छ।

सन् २००३ मा इराकले आणविक हतियारको विकास गरेको भन्दै अमेरिका र बेलायतले गरको आक्रमणपछि सुरु भएको अस्थिरता अझै पनि जारी छ। यसैगरी सिरियाले घातक रासायनिक हतियारको प्रयोग गरेको भन्दै अमेरिकासहितका पश्चिमा राष्ट्रले गत महिना मात्रै सिरियाली सेनाका शिविरहरूमा क्षेप्यास्त्र हमला गरेका थिए भने पछिल्लो समयमा गरेको हमलामा २५ भन्दा बढी सर्वसाधारण मारिएका छन्। दोस्रो विश्वयुद्धपछि सुरु भएको शीतयुद्धका कारण सोभियत संघ पक्षधर साम्यवादी खेमा र अमेरिका पक्षधर पुँजीवादी खेमाबीच सेना र हतियारमाथि लगानी गर्ने होड नै चल्यो। जसको नेतृत्व सोभियत संघ र अमेरिकाले नै गरेका थिए। सोभियत संघको विघटन र शीतयुद्धको अन्त्यपछि सबैभन्दा बढी गत वर्ष सन् २०१७ मा विश्वमा १ हजार ७ सय अर्ब डलर कुल सैन्य खर्च भएको रिपोर्ट सार्वजनिक भएको छ।

यो रकम गत सन् २०१६ को सैन्य खर्चको तुलनामा १ दशमलव १ प्रतिशतले बढी हो। यसमा अमेरिकाले मात्रै ६ सय १० अर्ब डलर आफ्नो देशको सेनाका लागि खर्च गरेको छ भने चीनले गत वर्ष २२८ अर्ब डलर र रुसले ६६ दशमलव ३ अर्ब डलर आफ्नो सेनाका लागि खर्च गरेको छ। चीनको सैन्य खर्चमा ५ दशमलव ६ प्रतिशतले बढाएको भए पनि कुल गार्हस्थ्य उत्पादनको १ दशमलव ९ प्रतिशत मात्रै हो भने रुसले सन् २०१६ को तुलनामा करिब २० प्रतिशतले कम सैन्य क्षेत्रमा खर्च गरेको हो। यद्यपि उनीहरूको कुल गार्हस्थ्य उत्पादनका हिसाबले सैन्य क्षेत्रमा गरेको यो ठूलो लगानी हो। यसबाट संसारका आर्थिक शक्ति राष्ट्रले सेनामा सबैभन्दा अधिक खर्च गर्ने गरेको प्रष्टिएको छ। तर देशको जीडीपी अर्थात् कुल गार्हस्थ्य उत्पादनका आधारमा सेनामा खर्च गर्ने राष्ट्रको सूचीमा यी तीन राष्ट्र शीर्ष स्थानमा भने पर्दैनन्। संसारभरका राष्ट्रको सैन्य खर्चमाथि नजर राख्ने संस्था स्टकहोम इन्टरनेसनल पीस रिसर्च इन्स्टिट्युट -सीप्री) को रिपोर्टअनुसार सन् २०१७ मा अमेरिकाले आफ्नो कुल गार्हस्थ्य उत्पादनको केबल ३ दशमलव १ प्रतिशत हिस्सा आफ्नो सेनामा खर्च गरेको थियो। चीन र रुसको कुरा गर्ने हो भने चीनले आफ्नो जीडीपीको १ दशमलव ९ प्रतिशत र रुसले ४ दशमलव ३ प्रतिशत हिस्सा सैन्य क्षेत्रमा खर्चिएका छन्।

ओमान कुल गार्हस्थ्य उत्पादनका हिसाबले सैन्य क्षेत्रमा लगानी गर्ने पहिलो राष्ट्र हो। इरान, साउदी अरब र यमनको छिमेकी मुलुक ओमानले पछिल्लो एक दशकदेखि आफ्नो सैन्य खर्चमा लगातार वृद्धि गरिरहेको छ। यसरी सैन्य क्षेत्रमा खर्च वृद्धि गर्दै जाँदा ओमान आफ्नो आयको सबैभन्दा ठूलो हिस्सा सेनामा खर्च गर्ने देश बनेको हो। सन् २०१७ मा ओमानले ८ दशमलव ६८६ अर्ब डलर अर्थात् जीडीपीको १२ प्रतिशत रकम सेनाका लागि खर्च गरेको छ।

साउदी अरबले गत वर्ष ६९ दशमलव ४१३ अर्ब डलर अर्थात् कुल गार्हस्थ्य उत्पादनको १० प्रतिशत हिस्सा सैन्य क्षेत्रमा खर्च गरेको छ। गत वर्ष नै साउदी अरबसहितका राष्ट्र र कतारबीच तनाव चुलिएको थियो भने सन् २०१५ देखि साउदी अरबले यमनमा हुथी विद्रोहीविरुद्धको लडाइँको नेतृत्व गरिरहेको छ। इरानको समर्थनप्राप्त हुथी विद्रोहीविरुद्धको कारबाही अझै जारी रहेको छ। सिरियामा आतंकवादी समूह इस्लामिक स्टेट्स -आईएस) विरुद्धको कारबाहीमा पनि साउदी अरब सामेल छ। साउदीले गत वर्ष अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको भ्रमणका समयमा ठूलो मात्रामा हतियार किन्ने सम्झौता गरेको थियो।

आफ्नो जीडीपीको ६ दशमलव २ प्रतिशत हिस्सा सेनामाथि खर्च गरेर प्रजातान्त्रिक गणतन्त्र कंगो पनि यो सूचीको तेस्रो स्थानमा छ। कंगोले सन् २०१७ मा कुल शून्य दशमलव ४८४ अर्ब डलर आफ्नो सेनामा खर्च गरेको छ। कंगो देशभित्र नै हिंसाको सामना गरिरहेको छ। राष्ट्रपति डेनी सालो न्गुसो करिब तीन दशकदेखि सत्तामा रहेका छन्। त्यसअघि उनी सेनामा रहेका थिए।

१७ हजार ८१८ वर्गकिलोमिटर क्षेत्रफल रहेको कुवेतको जनसंख्या करिब ३० लाख रहेको छ। साउदी अर्ब, इरान र इराकले घेरिएको यो सानो देश संवैधानिक राजतन्त्रात्मक देश हो। यहाँ अमेरिकी सेनाका केही अड्डा रहेका छन्। जो चरमपन्थी इस्लामिक संगठन आईएसविरुद्ध लडिरेको सेनाको हिस्सा पनि हो। सन् २०१७ मा कुवेतले आफ्नो सेनाका लागि ६ दशमलव ८३१ अर्ब डलर खर्च गरेको थियो।

अल्जेरिया कुनै समयमा फ्रान्सको उपनिवेश थियो। स्वतन्त्रताको लामो लडाइँ पनि सन् १९६२ मा अल्जेरिया स्वतन्त्र भए पनि देशभित्र हिंसाको अन्त्य भएन। हिंसाको एउटा प्रमुख कारण धार्मिक र समाजभित्र रहेका 'आजाद ख्याल' समुदायबीचको तनाव थियो। सन् १९९२ मा सैन्य सरकार भएको अल्जेरिणमा बहुदलीय निर्वाचनलाई रद्द गरिएको थियो। त्यसपछि सन् १९९२ देखि १९९८ को बीचमा देशमा चलेको हिंसात्मक संघर्षका कारण लाखभन्दा बढी मानिसको मृत्यु भयो। त्यसयता अल्जेरियामा इस्लामिक चरमपन्थीहरूको संख्या ह्वात्तै बढेको हो। सीप्रीका अनुसार अल्जेरियाले सन् २०१७ मा आफ्नो सेनाका लागि १० दशमलव शून्य ७३ अर्ब डलर खर्च गरेको थियो।

एक द्विप समूहराष्ट्र बहराइनमा सुन्नी रानाको शासन रहेको छ भने सेनाको उच्च पदमा पनि राजवंशका परिवारका सदस्यहरू रहने गर्छन्। तर, बहराइनका १४ लाख नागरिक शिया मुस्लिम हुन्। शिया बहुल समाज बहराइनमा हुने तनावको प्रमुख कारण पनि हो। सन् २०११ मा अरब वसन्तका क्रममा यहाँ प्रदर्शनकारीले सरकारमा अधिक सहभागिताको माग गरेका थिए। यस क्रममा प्रदर्शनकारीमाथि नियन्त्रण गर्नका लागि गल्फ को-अपरेसन काउन्सिलका सशस्त्र बल तैनाथ गरिएको थियो। सन् २०१७ मा बहराइनले १ दशमलव ३९६ अर्ब डलर आफ्नो सेनाका लागि खर्च गरेको थियो। जुन प्रतिव्यक्ति ९३६ डलर हो र जीडीपीको ४ दशमलव १ प्रतिशत हुन्छ।

लेबनान मध्यपूर्वका ती ६ देशमा पर्छ, जोसँग सबैभन्दा बढी सैन्य खरखजाना रहेका छन्। सन् १९७५ देखि १९९० को बीचमा लेबनान लामो गृहयुद्धमा फस्यो। यसपछि देशमा ठूलो मतभेद पैदा भयो। यसको घरेलु र विदेश नीतिमाथि उसका छिमेकी सिरिया र इस्लामिक समूह हिजबुल्लाहको ठूलो प्रभाव रहन पुग्यो। सन् २०१७ मा लेबनानले २ दशमलव ४११ अर्ब डलर रकम आफ्नो सेनाका लागि खर्च गरेको छ।

सन् १९९७ मा रुसले आफ्नो जीडीपीको ४ दशमलव ३ प्रतिशत हिस्सा सेनामाथि खर्च गरेको थियो। तर, सन् १९९८ मा उसले यो खर्च कम गर्‍यो र जीडीपीको ३ प्रतिशत मात्रै सेनालाई दियो। यसपछि सेनामाथि रुसको खर्च हरेक वर्ष थोरै थोरै बढिरहेको छ र सन् २०१६ सम्म यो जीडीपीको ५ दशमलव ५ प्रतिशत भएको छ। तर, सन् २०१७ मा यसमा पुनः कटौती गरेर ४ दशमलव ३ प्रतिशत बनाइएको छ। सीप्रीका मुख्य जाँचकर्ता सिमोन भेजमेनका अनुसार रुस सन् २०१४ पछि आर्थिक समस्यासँग जुधिरहेको छ।

सन् १९४९ मा जोर्डन स्वतन्त्र भएपनि त्यसयतादेखि नै जोर्डनमा विभिन्न प्रकारका संघर्ष चलिनै रहेका छन्। सन् १९६७ मा जोर्डनले इजरायलका विरुद्ध ६ दिने युद्ध गरेको थियो। जुन युद्धपछि आफ्नो वेस्ट बैंक र पूर्वी जेरुसेलममाथि आफ्नो नियन्त्रण गुमाएको थियो। सन् १९४८ मा भएको अरब इजरायल युद्धपछि यो इलाकामाथि जोर्डनको कब्जा थियो। सन् १९८४ मा जोर्डनले इजरायलसँग शान्ति सम्झौता गरे पनि हाल इस्लामिक आतंकवादी संगठनका कारण देशभित्र तनाव जारी रहेको छ। सन् २०१७ मा जोर्डनले १ दशमलव ९३९ अर्ब डलर आफ्नो सेनाका लागि खर्च गरेको थियो।

सन् १९४८ मा बनेको इजरायलको सम्बन्ध आफ्ना छिमेकी राष्ट्रसंघ सधैं तनावपूर्ण रहँदै आएको छ। यसको एकतर्फ सिरिया रहेको छ भने अर्कोतर्फ लेबनानको हिज्बुल्ला मिलिसिया रहेका छन्। जसलाई इरानको समर्थन प्राप्त छ। इरान सिरियाली सरकारलाई समर्थन गर्दछ। जो रुस र टर्कीसँग मिलेर आईएसविरुद्धको युद्धमा समेत सामेल छ। इजरायल सिरियामाथि अमेरिकी हमलाको समर्थन गर्दै बसर अल असद सरकारको विरोधमा छ। सन् २०१७ मा इजरायलले १६ दशमलव ४८९ अर्ब डलर आफ्नो सेनाका लागि खर्च गरेको छ।

शीतयुद्धको अन्त्यपछि पहिलोपटक सन् २०१७ मा विश्वमा सैन्य क्षेत्रमा १ हजार ७ सय अर्ब डलर खर्च भएको छ। यो सन् २०१६ को तुलनामा १ दशमलव १ प्रतिशतले बढी हो। सर्वाधिक सैन्य क्षेत्रमा खर्च गर्ने देशमा भारत पाँचौं नम्बरमा परेको छ। गत वर्ष भारतले ६३ दशमलव ९ अर्ब डलर अर्थात् कुल गार्हस्थ्य उत्पादनको २ दशमलव ५ प्रतिशत खर्च सैन्य क्षेत्रमा गरेको छ। भारतले सेनाका लागि आफ्नो जीडीपीको अहिलेसम्मको सबैभन्दा ठूलो हिस्सा अर्थात् ३ दशमलव ७ प्रतिशत सन् १९८८ मा खर्च गरेको थियो। सन् २००७ मा भारतले जीडीपीको २ दशमलव ३ प्रतिशत हिस्सा सेनाका लागि खर्च गरेको थियो भने सन् २०१५ बाहेक भारतले सन् २०१२ देखि २०१७ सम्म लगातार आफ्नो जीडीपीको २ दशमलव ५ प्रतिशत हिस्सा सेनामा खर्च गरेको छ। सन् २०१५ मा भने उसले २ दशमलव ४ प्रतिशत मात्रै सेनामा खर्च गरेको थियो। यसैगरी सैन्य क्षेत्रमा फ्रान्सले ५७ दशमलव ८, बेलायतले ४७ दशमलव २, जापानले ४५ दशमलव ४ अर्ब डलर खर्च गरेका छन्। जर्मनी, दक्षिण कोरिया, अस्ट्रेलिया, ब्राजिल, इटाली, क्यानडा र टर्की पनि सैन्य क्षेत्रमा ठूलो रकम खर्च गर्ने गरेका छन्। सैन्य खर्चबारे हुने विभिन्न अध्ययनहरूमा फरक तथ्यांक पाइने गरे पनि सबै रिपोर्टबाट सैन्य क्षेत्रमा खर्च वृद्धि भइरहेको देखिन्छ।

चीन क्षेत्रीय शक्तिको रूपमा मात्रै नभएर विश्वशक्तिका रूपमा स्थापित भइसकेको छ। चीनले पछिल्ला केही दशकदेखि गरेको तीव्र आर्थिक वृद्धिको प्रतिबिम्ब सैन्य क्षेत्रमा भएको आधुनिकीकरणमा देखिन्छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सैनिक बजेटमा वृद्धि गरेका छन् भने कुल गार्हस्थ्य उत्पादनको ठूलो हिस्सा सैन्य क्षेत्रमा खर्च गर्ने १० मध्ये सात राष्ट्र मध्यपूर्व अर्थात् पश्चिम एसियाका देशहरू रहेका छन्। जीडीपीको सर्वाधिक हिस्सा सैन्य क्षेत्रमा खर्च गर्ने यो क्षेत्रका देशहरूमा ओमान, साउदी अरेबिया, कुवेत, जोर्डन, इजरायल र लेबनान रहेका छन्। यसले पश्चिम एसियाली राष्ट्रमा जारी तनावकै बीच सैन्य क्षेत्रमा लगानी वृद्धि भइरहेको देखिन्छ।













प्रेरक

## विधि र विधान

बुद्ध सामु एउटी महिला रुँदै आइपुगिन् । उनको नाम गौरी थियो । उनले बुद्धसँग भन्न थालिन्- लौन मेरो एउटै मात्र छोरो पनि मर्‍यो । तपाईं त तान्त्रिक पनि हुनुहुन्छ, मेरो छोरालाई कुनै उपायले पनि जीवित गरिदिनुपर्‍यो । बुद्धले ती महिलालाई हेरे- महिलाको हालत निकै गम्भीर थियो । रुँदारुँदा उनी पागलजस्तै भइसकेकी थिइन् । बुद्धले उनीसँग भने- ठीक छ, तिमी अलिकति सर्स्युउँ लिएर आउ । तर सर्स्युउँ मान्छे नमरेको घरको हुनुपर्छ । म तिम्रो छोरलाई बचाउने प्रयास गरौंला ।

बुद्धको कुरा सुनेर गौरीमा अलि आशा पलायो । उनी केही ढुक्क दृखिइन् । रुन छोडिन् र सस्यूउँ खोज्न गाउँतिर लागिन् । उनी जुन घरमा जान्थिन् सर्स्युउँ सोध्थिन् अनि घरमा मान्छे मरेको छ कि छैन भन्थिन् । उनी जुन घरमा गए पनि कोही न कोही मान्छे मरेकै भनिन्थ्यो । उनले त्यस्तो कुनै घर पाइनन् जहाँ मान्छे नमेरेको होस् । उनी थकित भएर बुद्ध सामु आइपुगिन् र भनिन्- ‘मैले कुनै पनि त्यस्तो घर भेटिनँ जहाँ मान्छे नमरेको होस् । मैले सर्स्युउँ ल्याउन सकिनँ ।

बुद्धले उनलाई सम्झाए, मान्छे जन्मन्छ मर्नकै लागि । हाम्रो शरीर नश्वर छ । आज तिम्रो छोरा मर्‍यो भोलि हामी पनि मर्छौं । जन्म र मृत्युको प्रक्रिया निरन्तर चलिरहन्छ । मृत्युमाथि मान्छेको कहिल्यै जित हुँदैन । एकदिन तिम्रो छोरा मर्ने नै थियो । ऊ आजै मर्‍यो । विधिको विधानअनुसार उसको मृत्यु भएको हो । विधिको विधानलाई कसैले बदल्न सक्दैन । बुद्धको कुरा सुनेर गौरी रुन छोडिन् र छोराको सद्गतितर्फ लागिन् ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । आफन्तसँग रमाइलो भेटघाट हुनेछ । आकर्षक उपहारले उत्साह जगाउनेछ । प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ । परिवारजनको साथले उत्साह जगाउनेछ । तर अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ला । परिबन्धले केही समस्या पनि निम्त्याउनेछ । आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन् ।

### वृष

हिम्मतले काम लिँदा मनग्य लाभ हुनेछ । मेहनतले प्रतिस्पर्धाको दौडमा सफलता दिलाउनेछ । भौतिक साधन जुट्नेछन् । बलजफ्ती गरेरै भए पनि चिताएको काम बनाउन सकिनेछ । शत्रु परास्त हुनेछन् भने रोगबाट पनि छुटकारा मिल्नेछ । आवेशमा संयमित हुनुहोला, मुद्दा-मामिलामा विजयी भइनेछ । व्यवसायमा मनग्य फाइदा हुनेछ । शत्रु तथा प्रतिस्पधीसँग सम्झौता हुन सक्छ ।

### मिथुन

अस्वस्थताले काममा ढिलासुस्ती हुन सक्छ । अप्रिय समाचारले खिन्नता बढ्न सक्छ । अध्ययनमा पछि परिनेछ भने व्यापारमा सोचेको फाइदा नउठ्ने देखिन्छ । नयाँ योजना प्रारम्भ गर्न उपयुक्त साइत पर्खनुहोला । बलजफ्तीले केही चुनौती पनि निम्त्याउन सक्छ । आफ्ना सामानमा अरूले दाबी गर्न सक्छन् । पहिलेका कमजोरी र अप्ठ्यारा परिस्थिति सुल्झाउन केही समय जुट्नुपर्ला ।

### कर्कट

बेसुरमा बोल्ने बानीले वादविवाद निम्त्याउन सक्छ । महत्त्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुपर्ला । बुद्धिले काम लिँदा चिताएको योजना कार्यान्वयनमा आउनेछ । घरेलु काममा अलमल बढ्न सक्छ । समयमा वचन पुर्‍याउन नसक्ता आलोचित भइनेछ । आर्थिक क्रियाकलापमा कमै फाइदा हुनेछ । प्रयत्न गर्दा पछिका लागि काम बन्न सक्छ । साइनो गाँस्नेहरूबाट व्यवहारमा सतर्क रहनुहोला ।

### सिंह

हिम्मतले काम बनाउन सकिनेछ । मेहनत गर्दा विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउन सक्छ । नयाँ काम प्रारम्भ हुनेछ भने आम्दानी बढ्नेछ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । शत्रुहरू परास्त हुनेछन् र प्रतिस्पर्धीलाई पछि पार्न सकिनेछ । विगतका कर्मको उचित प्रतिफल पाइनेछ । सहयोगीहरू जुट्नेछन् भने पहिले दुश्मनी गर्नेहरू पनि मित्र बन्नेछन् ।

### कन्या

मिहिनेत परे पनि सोचेको नतिजा हातलागी नहुन सक्छ । परिबन्धले काममा बाधा पुर्‍याउन सक्छ । आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन् । अध्ययनतर्फ धेरै समय जुट्न नसकिएला । समयमा वचन पुर्‍याउन नसक्ता आलोचित भइनेछ । द्विविधा बढ्नाले निर्णायक क्षमता कमजोर बन्नेछ । वादविवादले पनि आँटेका काममा बाधा पुर्‍याउनेछ । आयस्रोत कमजोर रहने समय छ ।

### तुला

पहिलेको सफलताले महत्त्वाकांक्षा बढाउनेछ । विभिन्न अवसर पनि आउनेछन् । तर हठात् निर्णय गर्दा समस्या देखिन सक्छ । खानपान र भेटघाटको अलमलले चिताएका काममा बाधा पुग्न सक्छ । तापनि प्रयत्न गर्दा दिगो काममा जग बसाउने अवसर जुट्नेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । मिहिनेत गर्दा नाम, दाम र इनाम हातपार्ने सौभाग्य प्राप्त हुनेछ ।

### वृश्चिक

विचार नपुग्नाले केही चुनौती झेल्नुपर्ला । बेलैमा समय दिन नसक्दा काम बिग्रन सक्छ । लगानी बढाउनुपर्ने बाध्यात्मक परिस्थिति आउन सक्छ । आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन् । शुभचिन्तकहरू समेत टाढा हुनेछन् । धेरै लगानीपछि थोरै प्रतिफल प्राप्त हुनेछ । काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । सतर्क रहेर काम गर्नुपर्ने बेला छ ।

### धनु

कर्मयोगबाट विशेष फाइदा हुनेछ । व्यापार बढ्नेछ भने साझेदारीबाट लाभ मिल्नेछ । प्रशंसकहरू बढ्नेछन् र शुभचिन्तकहरूको साथ पाइनेछ । नयाँ अवसर प्राप्त हुनुका साथै आम्दानीका थप स्रोत फेला पर्नेछन् । श्रमको उचित मूल्यांकन हुनेछ । प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ । नयाँ कामतर्फ अग्रसर भइनेछ । आम्दानी बढ्नाले दैनिकीमा पनि परिवर्तन आउन सक्छ ।

### मकर

पुरुषार्थी काम प्रारम्भ हुनेछ । प्रयत्न गर्दा विशेष स्थान प्राप्त हुन सक्छ । विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि विशेष काममा जग बसाउने अवसर जुट्नेछ । मेहनतले नाम, दाम र इनाम दिलाउनेछ । कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ । नोकरी तथा व्यापार-व्यवसायमा लाग्नेहरूलाई फाइदा होला । रुचिका विषयमा लगानी बढाउने अवसर प्राप्त हुनेछ ।

### कुम्भ

परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ । सामान्य कामलाई पनि निकै मिहिनेत पर्नेछ । अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । पछिका लागि सम्भावना देखिए पनि तत्काल फाइदा उठाउन नसकिएला । आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउनेछन् । धेरै समय अरूका लागि जुट्नुपर्नेछ । लक्ष्यमा पुग्न निकै संघर्ष गर्नुपर्ला । श्रम परे पनि उपलब्धि कम मात्र प्राप्त हुने देखिन्छ ।

### मीन

समयमै गम्भीर नबन्दा नचिताएको समस्या देखिन सक्छ । आफ्नै कमजोरीले इष्टमित्र टाढिन सक्छन् । अवसरको खोजीमा दौडधुप गर्नुपर्ला । आक्षेप लगाउनेहरूले दुःख दिन सक्छन् । तापनि अप्ठ्यारो समयमा सहयोग गर्नेहरू भेटिनेछन् । प्रयत्न गर्दा नयाँ कामतर्फ अग्रसर भइनेछ । आम्दानी बढ्नाले दैनिकीमा पनि परिवर्तन आउन सक्छ । फाइदाका पछि लाग्दा आत्मीय सम्बन्ध बिग्रन सक्छ ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Blurt = सोच्दै नसोची फ्याटट सुनाउनु He blurted out the bad news before she could stop him उनले रोक्नुभन्दा अगाडि नै उसले नराम्रो समाचार फ्याट्ट सुनाइदियो ।

Cumulative = जोड्दा बढ्दै जाने Vocbulary building is a cumulative process शब्दको ज्ञान प्रयोग गर्न जान्दा बढ्दै जाने प्रकृया हो ।

Diverge = एउटै विन्दुबाट फरक दिशातर्फ लाग्नु वा उछिट्टिनु As our views diverge we can not come to one point जब हाम्रा विचारहरू फरक दिशातर्फ लागिसकेका छन् भने हामी मिलन विन्दुमा आउन सक्तैनौ ।

Extant = चलन चल्तीमा रहनु, अझै पाइनु Although this is book is out of print, some copies are still in extant यो किताव छापिन वन्द भए तापनि यसका केही प्रतिहरू अझै पाइन्छन ।

Fraught= पूर्ण Since this industry is fraught with danger, I suggested him to resign as soon as possible यो उद्योग खतरापूर्ण भएको हुँदा मैले उसलाई जागिरबाट राजीनामा दिने सल्लाह दिए ।

Gorge = गलगिद्द भएर खानु She gorged in such a way as if she had not eaten for many days धेरै दिनसम्म खान नपाएकोझै गरी तिनले गलगिद्द खाइन ।

Heckler = अर्कालाई निरुत्साहित गर्ने Heckler keeps on interrupting other with rude remarks अर्कालाई निरुत्साहित गर्ने ब्यक्तिले असभ्य पाराले अरुलाई बाधा दिन्छ ।

Headstrong = लिंढे, अर्काको कुरा नसुन्ने I do not like such a headstrong girl मलाई यस्तो लिढे केटी मलाइ मनपर्दैन ।

Inured = बानी पर्नु Having lived for a month at a height of 6000 mt. he is inured to cold ६ हजार मिटरको उचाइमा महिनौ बसिसकेपछि उसलाई जाडो खप्ने बानी पर्‍यो ।

Listless = जोश जांगर नभएको I never thought that he could have been a listless personality उ यस्तो जोश जाँगर नभएको व्यक्ति होला भनेर मैले सोचेको सम्म थिइन ।

## Pick बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Pick somebody = छान्नु The Football association peeks only the best players for this tournament यो प्रतियोगिताको लागि फुटवल संघले राम्रा खेलाडिमात्रै छान्ने छ ।

Pick something = लिनु Pick whichever one you like जुन मनलाग्छ एउटा लिउ ।

Pick something from = टिप्नु Do not pick the flowers from the garden बंगैचाको फुल नटिप ।

Pick the teeth = सिन्काले दाँत सफा गर्नु I pick my teeth after eating meat मासु खाएपछि म दांत सिन्काले सफा गर्छु ।

Pick of something = उत्पादन My pick of kitchen garden is enough for me करेसावारीको उत्पादनबाटै मलाई प्रशस्तै हुन्छ -तरकारी किन्न पर्दैन) ।

Pick something off something = टप्प टिप्नु He picked the nut off the top of the cake केकमा सजाइएको ओखर आदि मसला उसले टपक्क टिप्यो ।

Pick something in something = घोचेर प्वाल पार्नु The child picked a hole by his nail in his new clothes बच्चाले उसको नयाँ लुगामा नङले घोचेर प्वाल पार्‍यो ।

Pick at something = ट्याप टिपेर खानु He has a habit to pick at the food even if he has no hunger भोक नलागे पनि खानेकुरा ट्याप्प टिपेर खाने बानी छ उसको ।

### सुडोकु-अंक २३९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | १ | | २ | | ६ | | ४ | ८ |
| | २ | | | | | | ५ | |
| | | | ८ | ९ | ५ | | | |
| ८ | | ४ | | ७ | | ६ | | ५ |
| | | | | | | | ८ | |
| २ | | १ | | ८ | | ४ | | ७ |
| | | | ७ | ४ | १ | | | |
| | ३ | | | | | | ६ | |
| १ | ५ | | ६ | | ३ | | ७ | ४ |

### अंक २३८ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | १ | ८ | ७ | ३ | ४ | ९ | ५ | ६ |
| ६ | ७ | ५ | ९ | १ | ८ | २ | ३ | ४ |
| ४ | ३ | ९ | ६ | ५ | २ | १ | ७ | ८ |
| ३ | २ | ६ | ८ | ४ | ५ | ७ | ९ | १ |
| ५ | ४ | ७ | १ | ९ | ६ | ८ | २ | ३ |
| ९ | ८ | १ | ३ | २ | ७ | ६ | ४ | ५ |
| ८ | ५ | ३ | २ | ६ | ९ | ४ | १ | ७ |
| १ | ६ | २ | ४ | ७ | ३ | ५ | ८ | ९ |
| ७ | ९ | ४ | ५ | ८ | १ | ३ | ६ | २ |

## समाचार संक्षेप

### सवारी दुर्घटनामा ४ जनाको मृत्यु

काठमाडौं । अछाम, मंगलसेन नगरपालिका-४ सृजना चोकस्थित सडकमा ना.६ ख ८२९ नम्बरको बस अनियन्त्रित भई सडकबाट करिब २० मिटर तल खसेर दुर्घटना हुँदा २ जनाको घटनास्थलमै मृत्यु भएको छ । मृत्यु हुनेहरूमा बसमा सवार सोही नगरपालिका-१४ बस्ने ५७ वर्षीय टंकबहादुर भण्डारी र सोही नगरापालिका-१ कुन्ती बस्ने २१ वर्षीय एकेन्द्र थापा रहेका छन् । साथै दुर्घटनामा घाइते भएका बसमा सवार ८ जनालाई बयलपाटा अस्पताल र २६ जनालाई उपचारको लागि जिल्ला अस्पताल मंगलसेन पठाइएको छ ।

धनुषा, नगराईन नगरपालिका-३ स्थित सडकमा ज.११प १७४१ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई मंगलबार राति दुर्घटना हुँदा मोटरसाइकलमा सवार धनुषाधाम नगरपालिका-९ किसानपुर बस्ने ५० वर्षीय गनेश झाको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएको उनको राम जानकी अस्पताल जनकपुर हुँदै कामना नर्सिङ होम लहानमा थप उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

बाग्लुङ, काठेखोला गाउँपालिका-१ खहरेस्थित सडकमा बा.१८ च ५६७७ नम्बरको जिप आफैं अनियन्त्रित भई सडकबाट करिब ८ मिटर तल खसेर बुधबार बिहान दुर्घटना हुँदा जिपमा सवार बाग्लुङ नगरपालिका-७ सिम बस्ने ४५ वर्षीय श्याम शर्माको घटनास्थलमै मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका जिपमा सवार अन्य ३ जनालाई उपचारको लागि धौलागिरी अस्पताल बाग्लुङ पठाइएको छ । हाल फरार जिप चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### सवारी दुर्घटनामा परी ३ जनाको मृत्यु

काठमाडौं । काभ्रे, पाँचखाल नगरपालिका-४ लामिडाँडा बाघखोरस्थित सडकमा हाल नम्बर नखुलेको मोटरसाइकलको ठक्करबाट सोही नगरपालिका-३ बस्ने पवन सापकोटाको छोरा ५ वर्षीय समथ सापकोटाको मंगलबार बिहान मृत्यु भएको छ । स्कुल जानको लागि बस कुरिरहेको अवस्थामा मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते भएका उनको धुलिखेल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । हाल फरार मोटरसाइकल चालकको प्रहरीले खोजी गरिरहेको छ ।

कास्की, अन्नपूर्ण गाउँपालिका-३ पाउदुर घुम्तीस्थित सडकमा लु।१ ख ७७६६ नम्बरको बस आफैं अनियन्त्रित भई सडकबाट करिब ३० मिटर तल खसी मंगलबार बिहान दुर्घटना हुँदा बसका चालक पाल्पा घर भएका ४६ वर्षीय भुपनाथ भन्ने भुपेन्द्र खनालको मृत्यु भएको छ । दुर्घटनामा बसले च्यापिएर गम्भीर घाइते भएका उनलाई पश्चिम क्षेत्रीय अस्पताल लगिएकोमा उपचारको क्रममा मृत्यु भएको हो ।

रामेछाप, मन्थली नगरपालिका-६ मसानटारस्थित सडकमा प्रदेश २-०३-००१ ख ४७६२ नम्बरको ट्रक अनियन्त्रित भई सडकबाट करिब ३ सय मिटर तल खसेर मंगलबार बिहान दुर्घटना हुँदा ट्रक चालक अर्घाखाँची शितगंगा नगरपालिका-१३ घर भएका २८ वर्षीय सूर्य बहादुर भाट क्षेत्रीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको खुर्कोट शुभजिवन अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।

### मृत अवस्थामा फेला

काठमाडौं । चितवन, भरतपुर महानगरपालिका-२९ मुग्लिन नारायणगढ सडक खण्डस्थित सिमलतालमा हाल नाम, थर, वतन नखुलेका करिब ३५ वर्षीय पुरुष मंगलबार मृत अवस्थामा फेला परेका छन् ।

यसैगरी चितवन, राप्ती नगरपालिका-७ बस्ने मकवानपुर राक्सिराङ गाउँपालिका-७ घर भएका ४५ वर्षीय विशाल चेपाङ राप्ती नगरपालिका-७ स्थित खोल्सामा पानीमा डुबिरहेको अवस्थामा मृत फेला परेका छन् । दाङ, लमही नगरपालिका-५ लमही बजारस्थित शिव मन्दिर नजिक हाल नाम, थर, वतन नखुलेका करिब ४० वर्षीय पुरुष मंगलबार मृत अवस्थामा फेला परेका छन् ।

### आगलागीबाट धनमाल जलेर नष्ट

काठमाडौं । सिन्धुली, कमलामाई नगरपालिका-६ रातामाटास्थित सिकिन्दर साहको पाईप र हार्डवेयर गोदाम, सोही ठाउँ बस्ने सञ्जु साहको किराना पसल र बियर गोदाममा मंगलबार विहान आगलागी हुँदा सिकिन्दरको करिब ६ करोड ७५ लाख र सञ्जुको ३ करोड ७५ लाख रुपैयाँ बराबरको धनामाल जलेर नष्ट भएको छ । नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल, स्थानीयबासी र दमकलको सहयोगमा प्रहरीले आगलागी नियन्त्रणमा लिएको छ ।

मोरङ, कानेपोखरी गाउँपालिका-२ ढोडुखा बस्ने नारायण प्रसाद चौलागाईको गोठमा विजुली सर्ट भई सोमबार राति आगलागी हुँदा गोठभित्र रहेका गाई, बाख्रा, अन्नपात, काठपात गरी करिब १० लाख १५ हजार रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ ।

### सवारी दुर्घटनामा ८ जनाको मृत्यु

काठमाडौं । म्याग्दी, रघुगंगा गाउँपालिका-१ वेग औलस्थित सडकमा गा।१ ज ७२५१ नम्बरको जिप सडकबाट करिब ३ सय मिटर तल खसेर सोमबार साँझ दुर्घटना हुँदा जिप चालक रघुगंगा गाउँपालिका-१ बेग बस्ने ४० वर्षीय दुत बहादुर थापा सहित ४ जनाको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको बेनी अस्पताल म्याग्दीमा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका अन्य ४ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ ।

बाग्लुङ, बागलुङ नगरपालिका-१४ कालिगण्डकी कोरीडोर ठियुँघरस्थित सडकमा धा।१ त ३६० नम्बरको ट्याक्टर सडकबाट करिब २ सय मिटर तल खसेर सोमबार साँझ दुर्घटना हुँदा ट्याक्टरमा सवार सोही नगरपालिका नमुना गाउँ बस्ने ५५ वर्षीय शेर बहादुर बिक सहित २ जनाको घटनास्थलमै मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका १ जनालाई कुश्मा पर्वत अस्पतालमा सामान्य उपचार पश्चात थप उपचारको लागि गण्डकी अस्पताल पोखरा पठाइएको छ । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

अर्घाखाँची, भूमिकास्थान नगरपालिका-७ बरवासस्थित सडकमा लु।१ ज १७२६ नम्बरको जिपको ठक्करबाट सोही ठाउँ बस्ने दिपक नेपालीको छोरा ४ वर्षीय आयान नेपालीको सोमबार दिउँसो मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल सन्धिखर्कमा उपचारको क्रममा मृत्यु भएको हो । जिप चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

कपिलवस्तु, यशोधरा गाउँपालिका-५ सुठौलीस्थित सडकमा हाल नम्बर नखुलेको ट्याक्टरको ठक्करबाट सोही ठाउँ बस्ने नवल यादवकी छोरी १२ वर्षीया सुमन यादवको घटनास्थलमै मृत्यु भएको छ । घटनाको विषयलाई स्थानीयले भारतबाट नेपालतर्फ आउँदै गरेको मालबाहक लहरी गाडीलाई तोडफोड एवं आगजनी गर्न खोज्दा ९ जना प्रहरी कर्मचारी सामान्य घाइते भएका छन् ।

### डुबेर मृत्यु

काठमाडौं । रामेछाप, लिखुतामाकोसी गाउँपालिका-६ पाखाबारी बस्ने ४९ वर्षीया एकमाया काकीको तामाकोशी नदीमा डुबेर सोमबार दिउँसो मृत्यु भएको छ । सोही ठाउँस्थित बगरमा उक्त नदी तर्ने क्रममा ड्रम बाँधेको डोरी फुस्किन गई तामाकोसी नदीमा खसी बेपत्ता भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय रामेछाप र प्रहरी चौकी खिम्तीबाट खटिएको प्रहरीले स्थानीय बासिन्दाको सहयोगमा खोजी गर्ने क्रममा घटनास्थलदेखि करिब ५ सय मिटर तल उनको शव फेला परेको हो ।

अर्घाखाँची, सितगंगा नगरपालिका-१० सामकोट बस्ने ५५ वर्षीय दोण बहादुर रानाको कालापानी खोलामा डुबेर सोमबार दिउँशो मृत्यु भएको छ । छोरीको घरबाट फर्कने क्रममा उनको डुबेर मृत्यु भएको हो । कपिलवस्तु, बुद्धभूमि नगरपालिका-८ पचगैयास्थित बुद्ध इँटा उद्योगमा काम गर्ने कैलाली घर भएका अमर चौधरीकी छोरी २ वर्षीया आयुशा चौधरीको डुबेर मृत्यु भएको छ । खेल्ने क्रममा घर अगाडि रहेको पानी जमेको खाल्डोमा डुबेर अशक्त भएकी उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो ।

# DPRK's Political Attitude to the United States



In late September Kim Jong Un, President of the State Affairs, delivered a policy speech at the Fifth Session of the 14th DPRK Supreme People's Assembly. The international community pays special attention to the part dealing with the country's political attitude towards the US.

**Analysis of the Changes in the Prevailing International Situation**

Saying that now there exist not a few serious crises and challenges facing the world but the fundamental danger comes from the US and its vassal forces' high-handed and arbitrary practices that destroy the foundation of international peace and stability, Kim Jong Un analyzed that the current international situation is mainly characterized by the fact that it has got more complicated as the structure of the international relations has been reduced to the structure of "new Cold War" due to the US's unilateral and prejudiced bloc-forming style of external policy.

This can be called a scientific analysis that gives a glimpse of the cause of the complicated issues existing in the international arena.

The basis of his analysis was international peace and stability. The analysis is based on the undeniable and clear fact that the right to existence and development is the most fundamental right for mankind and it is guaranteed by international peace and stability.

He analyzed that the US and its vassal forces' high-handed and arbitrary practices are the main factor that destroys the foundation of international peace and stability. That his analysis is correct can be proved by the fact that about 70 countries are under sanctions by the US, the world has continued to suffer from wars and disputes even after the end of the Cold War and all these have been perpetrated or instigated by the US and its vassal forces.

What gives rise to more serious concern is the US's unilateral and prejudiced bloc-forming style of external policy. It is because of this policy that the world faces an era of new arms race, an era of "new Cold War."



**DPRK's US Policy**

On the basis of the analysis, Kim Jong Un clarified the DPRK government's political attitude towards the US.

The DPRK has consistently demanded that the US withdraw its dual standard and hostile policy to it.

With regard to the DPRK issue, the new US administration has advocated "diplomatic engagement" and "dialogue without preconditions."

The point is whether it is their sincere attitude.

Quite recently, DPRK-targeted war games have been staged around the Korean peninsula. If the US really intended to solve the problems through dialogues with the DPRK, it would have refrained from military actions threatening the latter.

This clearly shows that the current US administration's advocacy of "diplomatic engagement" and "dialogue without preconditions" is nothing but a trick for deceiving the international community and hiding their hostile behaviours and that the US has never abandoned dual standard and hostile policy towards the DPRK.

Proceeding from this, Kim Jong Un set the country's sector of external work the task of concentrating on providing tactical measures for thoroughly implementing the strategic policy of the DPRK government towards the US on the basis of strictly studying and analyzing the present US administration's stand on the DPRK, the prospects of the US political situation and ever-changing international balance of forces within the framework of their correlations.

However, the details of thestrategic policy of the DPRK government towards the US were not mentioned in the media footage of his policy speech.

This will be another "homework" or anguish for the current US administration which watches the response of the DPRK towards it.

What should be remembered is that in his report to the Eighth Congress of the ruling Workers' Party of Korea held early this year Kim Jong Un pointed out that the DPRK's external political activities would be oriented with the main emphasis on prevailing over and containing the US, the fundamental obstacle to the development of the Korean revolution and the country's principal enemy, that the key to creating a new DPRK-US relationship lay in the US withdrawing its hostile policy towards the DPRK, and that the DPRK would, in the future, too, approach the US on the principle of power for power and goodwill for goodwill.

**Inter-Korean Relations: Challenges and Their Solutions**

In late September this year, the Fifth Session of the 14th Supreme People's Assembly of the Democratic People's Republic of Korea was convened in Pyongyang. In his policy speech at the session, Kim Jong Un, President of the State Affairs, outlined and assessed the current inter-Korean relations and the situation of the Korean peninsula, before clarifying the policy towards the south Korea at the present stage.

First of all, he mentioned the dishonest behaviour of the south Korean authorities.

Noting that south Korea was conspicuously conductingvarious military drills and arms build-up under the pretext of "containing" the DPRK and occasionallyoffending and provoking itin words and in deeds, he scathingly criticized the south Korean authorities for being bent on begging external support and cooperation while clamouring for international cooperation, toeing the line of the US.

In fact, the south Korean army wagedvarious joint military exercises with the US troops, worsening the instability of the situation. In August alone, "exercise of the staff for crisis control" and a "combined command post exercise" took place from 10 to 13 and 16 to 26, respectively. Regardless of their scope and form, they both were aggressive in nature in that they were arehearsal and preliminary for a nuclear war aimed at perfecting the operation plan, whose key point was a preemptive strike against the DPRK.

Kim Jong Un clarified the DPRK's principled stand on south Korea's proposal on declaring the termination of war.

He said that as long as the factors, the sparks of distrust and confrontation between the north and the south, remained intact, hostile acts would be continued even though the termination of war was declared and, therefore, various unexpected clashes be repeated.

He continued: It is the invariable demand repeatedly explained by us to ensure the respect for each other and withdraw the partial view, unfair and double-dealing attitude and hostile viewpoint and policies towards the other side before declaring the termination of war, and this is an important task to be settled beforehand in order to control the inter-Korean relations and open up a bright future.

Kim Jong Unclearly expressed the DPRK's attitude towards the inter-Korean relations.

He stressed: It is important for the south Korean authorities to change its confrontational and habitual attitude towards our Republic, keep the stand of national independence through practices, not in words, deal with the inter-Korean relations with a view to settling the essential issues and give weight to and sincerely implement the north-south declarations.

Saying that he obviously reminded the south Korean authorities once again of the fact that it depended on the attitude of the south Korean authorities whether the inter-Korean relations would be restored and develop onto a new stage or continue to keep the present state of worsening, he added that the DPRKdid not have any aim nor reason to provoke south Korea nor any idea to harm it and it was necessary for south Korea to promptly get rid of the delusion, consciousness of crisis and awareness of getting harmed that it should deter the north's provocation.

In his speech, he advancedmagnanimous measures for improving the north-south relations.

To look back, the south recklessly committed a childish act of scattering leaflets to the north last year, thus triggering strong anger of the north, with the result that the communication lines between the two were cut off.

Thereafter, the south did not stop scattering leafletsto the north, under the pretext of the freedom of individuals, and its government did not take active measures to promote its relations with the north but only clamoured about such inessential issues as civilian-level cooperation and humanitarian aid.

This clouded the bright future of the inter-Korean relations.

However, Kim Jong Un, as part of an effort to realize the expectations and desire of the entire Korean nation to see the north-south relations recover from the present deadlock as early as possible and durable peace settle in the Korean peninsula, tookthe broad-minded measure of restoring the north-south communication lines from early October.

His speech clearly explained the cause of deadlock in the inter-Korean relations and presented ajust and fair proposal to break it. Also, it highlighted the nation-first ideal,the ideal of national independence, that the issues between the north and south should be solved by the Korean nation itself.

The south Korean authorities mustapproach the DPRK's just and fair proposal in good faith and respond to it with sincere attitude.

## वर्षा...

धेरै क्षेत्रमा बदली रहेको छ, यसले तराई र पहाडी भूभागमा वर्षा पनि हुने ठानिएको छ। काठमाडौंमा बिहान घाम लागे पनि बदलीले ढाक्दै गएको छ। हिमपात र वर्षाका कारण जाडो झन बढ्न सक्ने भन्दै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सचेतना अपनाउन भनेको छ।

प्रवक्ता डिजन भट्टराईले जारी गरेको प्रेस नोटमा मौसम प्रतिकुल भएर पर्वतारोहण, हवाइ र यातायातसहित दैनिक जनजीवन प्रभावित हुनसक्ने चेतावनी दिइएको छ। 'हिमाली भूभागमा हिमपहिरोसहित अत्यधिक चिसो बढ्ने, पहाडी र तराईका भूभागमा वर्षासहित चिसोको जोखिम रहेकाले सतर्कता अपनाउन प्राधिकरणले भनेको हो। योसँगै तराईमा शितलहर चल्न सक्ने आँकलन गरिएको छ।

## ओली महाधिवेशन...

एमालेमा आएपछि पहिलो पटक चुनाव लडेका पूर्वमाओवादीहरूलाई पनि कार्यकर्ताले स्वीकार गरेका छन्।

महाधिवेशनको बन्द सत्रले १७ वटा प्रस्ताव पारित गरेको छ। उपमहासचिव प्रदीप ज्ञवालीले राखेका ती प्रस्ताव महाधिवेशनले पारित गरेको हो। पारित प्रस्तावअनुसार सम्पूर्ण वामपन्थी विचारधारालाई एमालेमा आबद्ध हुन आह्वान गरिएको छ। साथै,अहिले अदालतमा भएको आन्दोलनलाई गत असार २८ गते सर्वोच्च अदालतको सहउत्पादक भएको भनिएको छ। 'असार २८ गतेको परमादेश न्यायालय र राजनीतिक पक्षबीच भएको सेटिङ थियो भन्ने अहिले अदालतमा देखिएको घटनाक्रमले पुष्टि भएको छ।

अहिले अदालतमा देखिएको अराजकता परमादेशको सहउत्पादकको रुपमा झाँगिदै गएको परिणाम हो। सर्वोच्चभित्र देखिएको बेथितिप्रति खेद व्यक्त गर्दै निश्चित स्वार्थका लागि न्यायलाई बन्धक नबनाउन एमाले आह्वान गर्दछ,' पारित प्रस्तावमा उल्लेख छ।

दोस्रो पटक एमालेलाई काँधमा बोकेका ओली एक गरिब किसान परिवारमा २००८ साल फागुन ११ गते शनिबार तेह्रथुमको इवामा जन्मिएका हुन्। उनले २०२६ सालमा नेपाल कम्युनिस्ट पार्टीको सदस्यता लिएर उपसचिवको जिम्मेवारी बहन गरेका थिए। २०२८।२९ सालको झापा विद्रोहमा ओली पनि सामेल भए। त्यसबेला उनी झापा आन्दोलनका सहिदमध्येका रामनाथ दाहालको घरमा बसेर घैलाडुब्बा हाइस्कुलमा अध्ययरत थिए। २०२९ सालमा तत्कालीन नेपाल कम्युनिस्ट पार्टी झापा आन्दोलन कमिटीको प्रमुखका रुपम चार महिना मात्र काम गरेका थिए। २०३० सालमा उनी पक्राउ परे। २०४४ सालमा उनी कारागारमुक्त भए। ओली जेलमै बसेका बेला अखिल नेपाल कोअर्डिनेसन कमिटी गठन भयो। ०३५ सालमा नेकपा माले निर्माण भयो। ओली जेलमुक्त भएपछि २०४४ सालमा मालेको केन्द्रीय कमिटी सदस्य बनाइए। ०४६ सालमा मालेको लुम्बिनी अञ्चल प्रमुख बनेका ओली ०४७ सालमा प्रजातान्त्रिक राष्ट्रिय युवा संघका अध्यक्ष भए।

झापा आन्दोलनको लिगेसी बोकेका ओली नवौं महाधिवेशनबाट एमालेको अध्यक्षमा निर्वाचित भए। १५ वर्ष महासचिवको रुपमा एमालेको नेतृत्व गरेका माधवकुमार नेपाललाई नवौं महाधिवेशनमा हराएपछि ओली राष्ट्रिय राजनीतिमा चर्चाको पात्र बने। नेपालको कम्युनिस्ट आन्दोलनमा ओलीको खासै देन छैन। न त आजको एमाले निर्माणमै उनको सम्झनालायक भूमिका नै छ। उनले तत्कालीन झापा विद्रोहको पनि आलोचना गरेका थिए। उनी झापा विद्रोहबाट पलायन भए पनि पञ्चायती शासाकहरूले उनलाई जेलमा कोचेका थिए। ०४९ सालमा सम्पन्न एमालेको पाँचौं महाधिवेशनमा मदन भण्डारीको जनताको बहुदलीय जनवाद सिद्धान्त पारित भएपछि उनी जबजका हिमायती देखिए। भण्डारीको दासढुंगा दुर्घटनामा देहावसान भएपछि ओली जबजका प्रवक्ता नै बनेर निस्किए। दासढुंगा दुर्घटना थियो या हत्या ? एमालेले ओलीको संयोजनमा छानबिन समिति बनायो। उक्त समितिले दासढुंगा हतयाकाण्ड हो भनेर प्रतिवेदन बुझायो। ओली दुई पटक देशका कार्यकारी प्रमुख बने। तर आफैंले अनुसन्धान गरी दासढुंगा हत्याकाण्ड भनेका ओलीले त्यसबारे केही बताएनन्। मदन र आश्रितको हत्या कसरी र कसले गर्‍यो ? उनले चासो समेत प्रकट गरेनन्। सार्वजनिक खपतका लागि उनले दुर्घटनालाई हत्या भनेका हुन् या हत्याकाण्डको राज खोल्दा आफैं सिद्धिने भएर चुप लागेका हुन् ओली बालाई बाहेक अरुलाई थाहा छैन।

माओवादी केन्द्रसँग एकता गरी २०७५ मा नेकपा निर्माण गरेर ओली अध्यक्ष नै बनिरहे। उनले एकता गर्दा बहुदलीय जनवादलाई छोडेका थिए। माओवादी केन्द्रसँगको एकता तीन वर्षपछि भंग भयो। सर्वोच्चको आदेशले नेकपा खारेज भएपछि एमाले पुनः ब्युँतियो र ओली पुनः सर्वेसर्वा भए। नेकपा हुँदा ओली स्थायी कमिटी, केन्द्रीय कमिटी र संसदीय दलमा समेत अल्पमतमा परेका थिए। जब ओलीले दुई दुई पटक संसद विघटन गरी असंवैधानिक कदम चाले त्यसले नेकपामा अन्तरकलह मच्चियो। प्रचण्ड माधव नेपाल, झलनाथ खनालले विघटनको विरुद्धमा आन्दोलन नै चलाए। सर्वोच्च अदालतले दुवै पटकको विघटनलाई बदर गरिदियो। असंवैधानिक कदम चालेर संविधानको हुर्मत लिएको, प्रधानमन्त्री नियुक्तिका सबै धाराहरू प्रयोग गर्न खोजी संसदलाई प्रधानमन्त्री चुन्ने अधिकार खोजेको भन्दै सर्वोच्च अदालतले परमादेशद्वारा ओलीलाई प्रधानमन्त्रीबाट हटाएर नेपाली कांग्रेसका सभापति एवं कांग्रेस संसदीय दलका नेता शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्त गर्‍यो। सर्वोच्चले बहुमत सांसदहरूको हस्ताक्षरलाई आधार बनाएर यस्तो परमादेश जारी गरेपछि ओली युगको अन्त्य भएको थियो। सत्ता बहिगर्मनपछि रन्थनिएका ओलीले माधव नेपाललाई पार्टीबाट निष्कासित गरे। झलनाथ खनाल, वामदेव गौतमले पनि एमाले छोडेपछि ओलीको एकलौटी भयो एमाले।

गोदावरी विधान महाधिवेशनद्वारा आफूलाई पार्टीमा शक्तिशाली बनाएका ओलीले दशौं महाधिवेशनमा तजबिजबाट केन्द्रीय नेतृत्व चयन गरे। त्यसमा फरक मतका दस भाइमध्ये भीम रावल, घनश्याम भुसाल र भीम आचार्यले विरोध जनाए। रावलले त ओलीलाई अध्यक्षमा चुनौती नै दिए। रावलले झिनो मत पाए पनि पाटीभित्रको लोकतन्त्र मास्ने ओलीको धृष्टतालाई सफल हुन दिएनन्। ओली महाधिवेशनमा ओलीले हार्ने कुरा थिएन नै। ओलीका एसम्यान बन्न नचाहेनहरू निर्वाचनबाट पाखा लगाइएका छन्। अब ओली माने एमाले, एमाले माने ओली भएको छ। ओली पार्टी नेतृत्वमा त पुनः आए तर राष्ट्रिय राजनीतिमा उदाउँछन् वा हराउँछन् त्यो आगामी निर्वाचनले बताउनेछ। यदि पाँचदलीय गठबन्धन फुटेन भने देशव्यापी रुपमा एमालेको पराजय अवश्यम्भावी छ।

ओलीले सुदृढ बनेको कम्युनिस्ट आन्दोलनलाई क्षतविक्षत बनाइदिएका छन्। नेकपा भंग हुनुमा ओलीलाई जिम्मेवार ठानिन्छ। बहुमतको कम्युनिस्ट ढल्यो, ओली बालुवाटारबाट बालकोट पुगे। एमालेका प्रदेश सरकारहरू गमर्‍याङ गुम्रुङ ढले। एमाले तीन कित्तामा विभाजित हुन पुगेको छ। सर्वसम्मति र सहमतिका नाममा दशौं महाधिवेशनमा ओलीले जे गरे त्यसले एमालेभित्र अनसन्तुष्टहरूको नयाँ धार सिर्जना हुन पुगेको छ। निर्वाचनमा ओलीले महाधिवेशनकै ढाँचाले उम्मेदवार छाने भने फेरि एमालेको अर्को विभाजन कसैले रोक्न सक्दैन। त्यसै पनि मिश्रित निर्वाचन प्रणालीले कसैको एकमना सरकार बन्ने सम्भावना छैन। बहुमत ल्याएर पुनः सत्तारोहण हुने ओलीको सपना अधुरो रहने विश्लेषण गरिँदैछ।

## कोरोना...

जनसंख्या मन्त्रालयले बुधबार सार्वजनिक सूचना जारी गरेर अत्यावश्यक कामभन्दा बाहेक घरभन्दा बाहिर ननिस्किन, अत्यावश्येक बाहेक विदेश जाने आउने काम नगर्न, नगराउनु हुन अनुरोध गरेको अवस्था हो।'

सह प्रवक्ता अधिकारीले नेपालमा कोभिड-१९ का खोप अभियानहरू धेरै प्रभावकारी रहेको पाइएकोले खोप अभियानलाई प्रभावकारी बनाउन सबैले सहयोग गर्नुपर्ने बताए। उनले यो भेरियन्ट पनि एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने भएकोले यो अवस्थालाई मध्यनजर गर्दै सरकारले विभिन्न नाका र स्थानहरूमा निगरानी बढाएकोसमेत जनाएका छन्।

उनले भने, 'सरकारले अन्तर्राष्ट्रिय नाकाहरूमा निगरानीका कामहरू बढाएको छ। परीक्षणका कामहरूलाई बढाएको छ। सिक्वेन्सीका कामहरूलाई बढाएको छ। यसो गर्दा भेरियन्ट आइहाल्यो भने पनि चाँडै पत्ता लगाउन सजिलो हुन्छ। चाँडै पत्ता लाग्दा थप अरु सुरक्षा, सावधानी अपनाउन सहज हुन्छ। पुष्टि भएको भेरियन्टका सन्दर्भमा धेरै कुराहरू आएको छैनन्। जति तथ्य आएका छन् त्यसकै आधारमा हामीले लिएको जनस्वास्थ्यका मापदण्डहरू, हामीले लगाइरहेका कोभिड १९ का खोप अभियानहरू धेरै प्रभावकारी रहेको पाइएको छ।

हामीले निरन्तर खोप अभियानलाई सफलतातिर लैजानु पर्छ। धेरै भन्दा धेरै व्यक्तिहरू खोप अभियानमा सरिक हुनुपर्छ। ता कि समाज, सबै आफन्त सुरक्षित हुन सकियोस्। यो अवस्था सिर्जना गर्नलाई सरकारले निगरानी बढाउने, जनस्वास्थ्यका मापदण्डहरूको पालना बढाउने, कोभिड १९ को खोप अभियानलाई तीव्र गतिमा लिएर जाने कामहरू गरिरहेको छ।'

सह प्रवक्ता अधिकारीले सबै व्यक्तिहरू कोरोनाविरुद्धको खोप अभियानमा सहभागि बन्नुपर्ने भन्दै यस कार्यलाई तीव्र गतिमा लिएर जानुपर्ने बताएका छन्।

### ओमिक्रोन भेरियन्टका लक्षण

काठमाडौं। कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोनबारे सबैभन्दा पहिला पत्ता लगाउने दक्षिण अफ्रिकी डाक्टर एन्जेलिक कोएट्जीले हालसम्म नयाँ भेरियन्टद्वारा संक्रमित बिरामीमा निकै साधारण लक्षण देखिएको जानकारी दिएकी छिन्।

बीबीसीलाई दिएको एक अन्तरवार्तामा उनले भनेकी छन्, 'मलाई भेट्न ३३ वर्षका एक बिरामी आएका थिए। एउटा शल्यक्रियाका लागि। उनले मलाई आफू पछिल्लो दुई दिनदेखि थाकेको महसुस गरिरहेको र उनको टाउको थोरै दुखिरहेको बताएका थिए। शल्यक्रियाअघि हामीले उनको परीक्षण गरायौं र उनी कोरोनाको ओमिक्रोन भेरियन्टद्वारा ग्रसित भएको थाहा पायौं। त्यसपछि हामीले उनको पूरा परिवारको परीक्षण गरायौं। पूरा परिवारमा पोजेटिभ देखियो। सबैलाई निकै साधारण लक्षण थिए। उनीहरूलाई खोकीको समस्या थिएन। उनीहरूको स्वाद वा गन्ध महसुस गर्ने क्षमता कम भएको थियो। उनीहरूमा निकै सामान्य लक्षण देखियो। धेरैजसो जो बिरामी हामी भए ठाउँ आए उनीहरूमा निकै साधारण लक्षण मात्रै थिए तर ती सबै नयाँ भेरियन्टका सिकार पाइए। म देशको कोभिड कमिटीको हिस्सा हुँ त्यसैले मैले कोरोनाका पोजेटिभ केस जति पनि भेटिएका छन्, ती सबै डेल्टा भेरियन्टभन्दा पूर्ण रुपमा अलग भएको जानकारी कमिटीलाई दिएँ। त्यसपछि स्याम्पलको प्रयोगशालामा परीक्षण हुँदा थाहा भयो कि यो एउटा नयाँ भेरियन्ट हो।'

दक्षिण अफ्रिकामा देखिएको कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोनलाई चिन्ताको कारण मानिँदैछ। प्रारम्भिक प्रमाणमा यसको म्युटेशन निकै तीब्र गतिमा भइरहेको र पुनर्संक्रमणको खतरा पनि अत्यधिक भएको पाइएको छ। यो महिनाको सुरुवातमा दक्षिण अफ्रिकामा यो भेरियन्टबारे पत्ता लागेको थियो।

## तेस्रो धार

# ३६ वर्षका दुलहा ८२ की दुलही

लण्डन। ८१ वर्षकी पेन्सनधारी आइरिस जोन्स र ३६ वर्षका मोहम्मद इब्राहिमको प्रेम आजकाल चर्चामा छ, बेलायतको यो जोडी विवाहको बन्धनमा बाँधिइसकेका छन् र अन्तरवार्ताका लागि पहिलो पटक एकसाथ स्टुडियो पुगेका छन्।

यतिबेला यी दुईले उमेर अन्तरका कारण खेप्नुपरेको आलोचना, पुनर्मिलन र यौन जीवनबारे थुप्रै रोचक खुलासा गरे। विवाहपछि पहिलो पटक सँगै अन्तरवार्ताका लागि सोफामा बस्दा आइरिस निकै रोमान्चित देखिएकी थिइन्। भिसासम्बन्धि समस्याका कारण आइरिस यसअघिका शोहरूमा एक्लै देखिन्थिन्। इजिप्टका मोहम्मद यो वर्षको नोभेम्बर अघि चाहेर पनि आफ्नी श्रीमतीसँग बस्न सक्दैनथे। यी दुई फोनमार्फत नै सम्पर्कमा रहन्थे। तर यसपटक भने मोहम्मदले भिसा पाए र उनले आइरिससँग शोमा देखिन ढिला गरेनन्।

कार्यक्रम प्रस्तोतासँग आइरिसले लकडाउन र भिसा नपाएका कारण आफूहरूले ठूलो समस्याको सामना गर्नुपरेको बताइन्। आइरिसले भनिन्, 'यसले हामीलाई बाँच्न नै मुश्किल पारिदिएको थियो।

फोनमा कुरा गर्नु र मेसेजमा गुड नाइट र गुड मर्निङ भन्नु निकै बोरिङ भइसकेको थियो। म यति



मात्रै सोच्थेँ कि आखिर उनी कहिले आउँछन्।' आफ्ना श्रीमानले यूकेको भिसा पाएको खबर पहिलो पटक सुन्दा आइरिसको आँखाको आँसु आएको उनले बताइन्। उनले भनिन्, 'म टेस्कोमा थिए र फलफूल-सागसब्जी किनिरहेकी थिएँ। त्यति नै बेला मलाई यसबारे थाहा भयो। मैले आफ्नो आँसु रोक्न सकिनँ। त्यहाँ भएकी एक असिस्टेन्टले भने, 'तपाई ठिक हुनुहुन्छ ?' मैले जवाफ दिएँ, 'हो, म असाध्यै असाध्यै खुसी छु।'

करिब ४५ वर्षको अन्तर छ। उमेर अन्तर र रोमान्सबारे यो जोडीले असाध्यै आलोचना झेलेको छ। यसबारे मोहम्मदले भने, 'म आकाशमा उडिरहेको महसुस गरिरहेको छु। जब म यूके जान पाउँछु भन्ने थाहा भयो, म बाटोमै बेस्सरी चिच्याउन थालें। कतिले मलाई पागल सोचिरहेका थिए। अन्ततः म आफ्नी श्रीमतीलाई भेट्दै थिएँ।' मोहम्मदलाई लिन उनकी श्रीमती विमानस्थलमा पुगेकी थिइन्। आइरिसले यो पल आफ्नो लागि निकै विशेष रहेको बताइन्।

यद्यपि, मोहम्मदले मानिसहरूको प्रतिक्रिया र आलोचनाका कारण आफूले निकै दबाब महसुस गरिरहेको बताए। यस्तै केहीले भने आइरिससँग उनको सम्बन्धलाई एउटा उद्देश्य बताउँछन्। उनले भने, 'म बुझाउन सक्दिनँ तर हामी असाध्यै दबाबमा छौं। म बुझाउन सक्दिनँ कि केहीले हामीमाथि हमला गर्छन्, किन ? म काम गरिरहेको छु। मसँग बिजनेस एडमिनिस्ट्रेशन छ। म आइरिससँग केही चाहिएका कारण नजिक भएको होइन। म एक धनी व्यक्ति हुँ। काएरोमा मेरो आफ्नै बंगला पनि छ।'

यसबारे आइरिसले भनिन्, 'प्रेमले सबैलाई जित्छ। मोहम्मद निकै सफा-सुग्घर व्यक्ति हुन्। घरमा उनले अहिलेसम्म केही खसालेका छैनन्। उनले मलाई कफीका लागि अफर गर्छन्। अब हामी दुबै हाम्रो पहिलो क्रिसमस सँगै मनाउने योजना गरिरहेका छौं। मलाई मेरो छोरा, साथीभाइ वा कोही आफन्तले बोलाउलान् कि बोलाउँदैनन् भनेर थाहा छैन। उनीहरूले हामी दुईलाई सँगै क्रिसमस मनाउन छोडिदिन्छन् जस्तो लाग्छ।'

मोहम्मदले आफू सधैंका लागि आइरिससँग बस्ने योजना बनाइरहेको बताए। मोहम्मदसँग आफ्नो यौन जीवनको विषयमा आइरिस सधैं खुसी देखिन्छिन्। यसका लागि यो जोडी निकै चर्चित भइसकेको छ। आइरिस भन्छिन्, 'मोहम्मद निकै चर्चित भइसकेको छ। ब्रिस्टलमा एक ट्याक्सी ड्राइभरले हामीलाई देख्ने बित्तिकै चिने।' उनी थप्छिन्, 'जब मलाई कसैले सोध्छन् कि तपाईंले प्रेम कसरी पाउनुभयो ? म यतिमात्रै भन्छु कि तपाई प्रेम नहेर्नुहोस्, प्रेम आफैंले तपाईंलाई खोज्नेछ।'

## लद्दाखमा...

कारण भारत चिन्तित बनेको समाचारमा उल्लेख छ। स्रोतका अनुसार चीनले सडकमार्ग फराकिलो पारिरहेको र नयाँ धावनमार्ग बनाएकाले नयाँ सैन्य संरचना विशेष महत्वपूर्ण रहेको छ। नयाँ धावन मार्ग कासगर, गारगुसार होतनबाट अलग राखिएको छ।

फराकिलो सडक मार्ग बनेसँगै एलएसीमा चिनियाँ सेनाको पहुँच थप सुदृढ हुने स्रोतको भनाइ छ। त्यस्तै चीनले आफ्नो वायु तथा थल सेनाका लागि समेत यस्तै खाले पूर्वाधार निर्माणमा ध्यान केन्द्रित गरेको छ।

दुर्गम क्षेत्रमा सैन्य संरचना निर्माण गर्दा अमेरिकी र अन्य सेटलाइटबाट चिनियाँ सेनालाई सुरक्षित राख्न सकिने भएकाले उक्त क्षेत्रमा नयाँ सैन्य संरचना निर्माणमा चीन लागेको हो।

तिब्बत र उक्त क्षेत्रसँग परिचित मानिसलाई सेनामा भर्ति गर्ने प्रयास भइरहेको र नयाँ फौजलाई हाल सुरक्षा बलसँगै तैनाथ गरिने समाचारमा उल्लेख छ। चीनले दुर्गम क्षेत्रमा भएका कारण मुख्य भूमिमा मानिसलाई त्यहाँ टिक्न निकै गाह्रो भएकाले स्थानीय मनिसलाई नै तैनाथ गर्न चाहेको बताइएको छ।

विगतका हिउँदको तुलनामा लद्दाखमा यसपटक आवास र सडक सञ्जाल निकै सुधारिएको र उक्त क्षेत्रको जलवायुसँग समेत चीन थप अभ्यस्त बन्दै गएको छ। यसबाहेक चिनियाँ जनमुक्ति सेनाले स्वायत्त तिब्बत क्षेत्रमा रकेट र क्षेप्यास्त्र बल तैनाथ गरिसकेको छ। साथै चीनले उक्त क्षेत्रमा निगरानी गर्न भन्दै ठूलो संख्यामा ड्रोन परिचालन गरेको छ।

## तीन वर्षमा...

वर्ष २०७६।७७ मा ९४ जनाले एनओसी लिएका थिए भने २५ अर्ब ८१ करोड रुपैयाँ शिक्षाकै लागि नेपालबाट बाहिरिन पुगेको छ। गत आर्थिक वर्ष २०७७।७८ मा पनि २७ हजार ९ सय ७८ जनाले एनओसी लिएको शिक्षा मन्त्रालय एनओसी शाखाको तथ्यांकमा छ। गत आर्थिक वर्षमा पनि २४ अर्ब ८६ करोड रुपैयाँ बाहिरिएको छ।

नेपाली विद्यार्थीको रोजाइमा अष्ट्रेलिया, जापान, कोरिया, भारत, चीन, साइप्रस, अमेरिका, क्यानडा, न्युजिल्यान्ड, रुस, थाइल्यान्ड, मंगोलिया, श्रीलंका, इजिप्ट, फ्रान्स, बंगलादेश, फिलिपिन्स, पाकिस्तान लगायतका देशमा मेडिकल, व्यवस्थापन, आइटी, होटल म्यानेजमेन्ट, इन्जिनियरिङ, वन विज्ञान, कृषि विषय अध्ययन गर्न विद्यार्थी विदेशी विश्वविद्यालय र क्याम्पसमा वजाने गरेका छन्।

## भ्रष्टाचारको...

छ। चिकित्सा शिक्षा ऐनविपरीत पीसीएल नर्सिङको भर्ना खुलाएपछि विवादित बनेका सदस्य सचिव काफ्लेले तत्कालीन शिक्षा सचिव रामप्रसाद थपलियालाई समेतनिकट बनाएका थिए। सचिव थपलिया सरुवा भए पनि हाल सिधैं मन्त्री पौडेलसँग कुरा गरी सदस्य सचिव काफ्लेले आफ्ना गलत कार्यहरू अघि बढाउँदै आएको कर्मचारीको भनाइ छ।

सीटीईभीटीका सदस्य सचिव वाग्लेले सीटीईभीटी ऐनअनुसार भर्ना खुला गरिएको दाबी गरिरहेका छन्। उनले पीसीएल नर्सिङ कार्यक्रम सञ्चालन गर्न नसकेर बन्द हुन थालेका कलेज सञ्चालकलाई १ सय बेड मात्र नभई ५० बेडको अस्पताल भएका कलेजलाई पनि स्वीकृति दिने तयारीमा आफूहरू रहेको अभिव्यक्ति दिँदै आइरहेका छन्। सदस्य सचिवको एकलौटी निर्णयका कारण प्राविधिक शिक्षा कमजोर हुने भन्दै निजी कलेज सञ्चालकले आपत्ति जनाएका छन्।

## चीनलाई...

बनाउन लागेको जानकारहरूले बताएका छन्। उनीहरूकाअनुसार अफ्रिका र एसियाका विभिन्न भेगहरूमा चीनको सो परियोजनाको बढ्दो प्रभावलाई चुनौती दिन ईयुले आफ्नो पाटोबाट अबौ युरो लगानी गर्नेछ।

सो लगानीको पहलबाट ईयुले अबौ युरो लाभ उठाउने र आफ्ना सदस्य मुलुक, वित्तिय संस्था र निजी क्षेत्रले गरेको लगानी डुब्नबाट बचाउनेबारे ढाचा बनाउने बताइएको छ। यसअघि गत मार्चमा बेलायती प्रधानमन्त्री बोरिस जान्सनसँग फोनमार्फत बोल्दै अमेरिकी राष्ट्रपति जो बाइडेनले पनि चीनको बेल्ट एण्ड रोड पहलसँग प्रतिस्पर्धा गर्न प्रजातान्त्रिक देशहरूसँग पुर्वाधार विकास योजना हुनुपर्ने बताएका थिए।

आयोगका अध्यक्ष लेयेनले गत सेप्टेम्बरमा संघको एक कार्यक्रममा बोल्दै भनेका थिए, 'संसारभर गुणस्तरिय पुर्वाधार विकास गर्न, मानिसलाई गुणस्तरिय सेवा उपलब्ध गराउन हामी लगानी गर्न चाहन्छौ।' ईयुको ग्लोबल गेटवे चीनको बीआरआई रणनितिका लागि आफैमा ठुलो प्रतिस्पर्धाको रुपमा खडा हुने बताइएको छ।

सडक, बन्दरगाह, रेलमार्ग र पुल आदीहरूमा पैसा खन्याएर व्यापारिक सम्बन्धको विस्तार गर्ने बीआरआई पहल चिनियाँ विदेश नीतिको केन्द्रविन्दुको रुपमा रहेको छ। चीनको सो पहल, अफ्रिका, युरोपेली संघका छिमेकी मुलुक, मध्य एसिया, दक्षिण र दक्षिणपुर्वी एसियामा पुगिसकेको छ।

## आज शतबिज...

शुद्ध हुनुपर्छ। अघिल्लो दिनसाँझदेखि बत्ती कुरेर बस्ने हुनाले नाचगान र भजनकिर्तन गर्दै धुनी जगाउने परम्परा चल्दै आएको छ।' परापूर्वकालमा पाशुपत क्षेत्रमा 'बाला' नाम गरेको मान्छे पोल्ने काम गरेर जीविका चलाइरहेको थियो। एकदिन मरेको मान्छेको गिदी उछिट्टिएर उसको खानेकुरामा परेछ। त्यस दिनसँगै उसले संस्कारका लागि लाश ल्याउनेबित्तीकै लुटेर खाने गरेछ।

अन्तिम संस्कार हुन नपाउँदा धेरै जना दुःखी भए। 'बाला' नामक व्यक्ति राक्षस बन्यो। यसरी त्यो राक्षसलाई विभिन्न विधि अपनाएर मारिएछ। त्यही खुसीयाली र 'मान्छेको मृत कर्म नपुगेको' भन्दै सतबिज र बत्ती बाल्ने गरिएको कथन छ।

## स्वदेशमै...

पनि अहिले मलको हाहाकार मच्चिरहेको छ। कृषि तथा पशुपक्षी मन्त्रालयका प्रवक्ता एवं सहसचिव प्रकाशकुमार सञ्जेलले मल अभाव हुन नदिन अर्थमन्त्रालयसँग थप बजेट माग गरेको बताएका छन्। १५ अर्ब रुपैयाँले २ लाख मेट्रिक टन मल आउने र उक्त मलले धानबालीलाई पनि नपुग्ने भएकाले थप १ लाख ३१ हजार मेट्रिक टन मलका लागि कृषिले थप बजेट मागेको हो।

मलको मूल्य वृद्धि अन्तर्राष्ट्रिय बजारमा असाध्य चर्किएको छ। गत वर्ष २ सय डलरले एक टन मल आउने गरेकोमा अहिले मूल्य बढेर १००० डलर पुगेको छ। यत्रो महँगो मूल्यको मल बर्सेनि आयात गर्दा व्यापारघाटा झन् चुलिएर जाने र विदेशी मुद्रा इन्धन र मल आयातमै सकिने हुनाले स्वदेशमै रासायनिक मल कारखाना खोल्नेबारे सरकारले तत्काल अध्ययन थाल्न आवश्यक छ। निजी क्षेत्रसँग समेत गम्भीर छलफल अघि बढाइ कारखाना खोल्ने सम्भाव्यता अध्ययन तत्काल नगरेमा भोलिका दिनमा झन् ठूलो महँगी अभाव र हाहाकार भोग्नुपर्ने हुन्छ।

यसैबीच अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मुल्य बढेपछि नेपालमा मल अभाव हुने भन्दै कृषि तथा पशुपंक्षी मन्त्रालयले अर्थ मन्त्रालयसंग १३ अर्ब ४२ करोड रुपैयाँ बजेट माग गरेको छ।

पूर्व अर्थमन्त्री विष्णु पौडेलले रासायनिम मल खरिदको लागि १२ अर्ब रुपैया बजेट बिनियोजन गरेकोमा प्रतिस्थापन बजेटमा अर्थमन्त्री जनार्दन शर्माले ३ अर्ब रुपैया बढाएर १५ अर्ब बिनियोजन गरेका थिए।

१५ अर्ब रुपैयाँको मल खरिद गर्दा पनि धान बालीलाई मलको अभाव हुने देखिएपछि कृषि मन्त्रालयले थप बजेट माग गरेको हो। कृषि तथा पशुपक्षी मन्त्रालयका प्रवक्ता एवं सहसचिव प्रकाश कुमार सन्जेलले मल अभाव हुन नदिन अर्थसंग थप बजेट माग गरेको बताएका छन्।

१५ अर्ब रुपैयाँले करिब २ लाख मेट्रिक टन रासायनिक मल आउने आकलन गरिएको छ। उक्त मलले धानबालीलाई समेत

नपुग्ने देखिएपछि थप १ लाख ३१ हजार मेट्रिक टन मलका लागि कृषिले थप बजेट माग गरेको हो। गतवर्ष २ सय डलरले एक टन मल आउने गरेकोमा अहिले मुल्य बढेर १ हजार डलर पुगेको कृषि मन्त्रालयले बताएको छ।

किसानलाई सहज रुपमा रासायनिक मल आपूर्ति गर्न करिब ४ लाख मेट्रिक टन मल आवश्यक पर्छ। उक्त मल खरिद गर्न २८ अर्ब रुपैयाँ भन्दा बढि बजेट आवश्यक पर्ने देखिन्छ। गहुँ, तोरी र आलू बालीका लागि मात्रै ८० देखि १ लाख मेट्रिक टन मल आवश्यक पर्छ। गहुँ तोरी र आलूका लागि सधैं जस्तो यो पटक पनि डिएपी मलको अभाव हुन सक्ने देखिएको छ। मुल्य बढेको कारण अहिले अन्तर्राष्ट्रिय बजारमा मल अभाव देखिएको छ।

न्युज एजेन्सीहरूले जनाए अनुसार विश्वबजारमा मलको अभाव देखिएपछि चीनले सहज रुपमा अन्य मुलुकमा मल पठाउन दिएको छैन भने भारतले पनि सोही नीतिलाई अनुसरण गर्दै आफुलाई चाहिने भनेर मल पठाइरहेको छैन। नेपाल सरकार र भारत सरकार वीच जि टु जीबाट ल्याउने मलमा पनि पछिल्लो समय भारत सरकार अनिच्छुक देखिएको छ।

जि टु जीबाट मल ल्याउने कुरामा नेपाल -भारतको सचिव स्तरीय छलफल भएर सहमति भएको लामो समय भइसके पनि कार्यान्वयन हुन सकेको छैन।